
# खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना

## (WASH MASTER PLAN)

(२०७९/८०-२०८३/८४)




खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

भुम्लु गाँउपालिका, काभ्रपलाञ्चोक, वागमती प्रदेश

२०७९

विषयसुची........................................................................................i


१. परिचय.................................................1

१.१ पृष्ठभूमि र औचित्य.................................................1

१.२ उद्देश्य.................................................3

१.३ तयारी विधी एवं प्रक्रिया.................................................3

१.४ सिमितता.................................................5

२. गाँउपालिकाको संक्षिप्त परिचय.................................................6

३. गाँउपालिकाको सामाजिक तथा आर्थिक पाश्र्वचित्र.................................................7

३.१ अवस्थिति तथा पहुँच.................................................7

३.२ जनसांख्यिक बिबरण.................................................8

३.२.१ वडागत जनसंख्या.................................................8

३.२.२ जातिगत तथा भाषागत बिबरण.................................................8

३.३ भू-उपयोगको विवरण.................................................9

३.४. आर्थिक स्थिति.................................................10

३.५. भौतिक पूर्वाधार.................................................11

३.६. सामाजिक पूर्वाधार.................................................12

३.६.१ स्वास्थ्य सेवा.................................................12

३.६.२ शिक्षा.................................................12

३.७ संक्षिप्त सांस्कृतिक बिबरण.................................................13

३.८ संस्थागत अवस्था.................................................13

३.९ स्थानीय जनशक्तिको विवरण.................................................14

४. खानेपानी, सरसफाइ तथा स्वच्छताको विद्यमान स्थिति.................................................15

४.१ बिद्यमान जलश्रोतहरुको विश्लेषण.................................................15

४.१.१ जलश्रोतको बर्तमान अवस्था तथा घनत्व.................................................15

४.१.२ जलश्रोतको किसिम र बर्तमान अवस्था.................................................16

४.२ खानेपानीको अवस्था.................................................16

४.२.१ घरायसी खानेपानीको अवस्था.................................................16

४.२.१.२ आयोजनाहरुको सञ्चालन स्थिति.................................................17

४.२.१.३ खानेपानी आयोजनाहरुको मर्मत/पुनःस्थापना/पूनर्निर्माणको अवस्था........17
४.२.२ संस्थागत (बिद्यालय/स्वास्थ्य संस्था) खानेपानीको अवस्था........17
४.३. सरसफाइ तथा स्वच्छता........21
४.३.१. घरायसी सरसफाइ........21
४.३.२. बिद्यालय सरसफाइ........22
४.३.२ स्वच्छता सम्बन्धी बिद्यमान अवस्था (FGD) को सारांश........23
४.४ खुला दिसामुक्त क्षेत्रको अवस्था........27
५. खानेपानी तथा सरसफाइ आयोजनाहरुको प्राथमिकीकरण........28
६. सरोकारवालाको भूमिका........29
६.१ गाँउपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC)........29
६.१.१ सदस्यहरु तथा भूमिकाहरु........29
६.२ वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (W-WASH-CC)........30
६.२.१ सदस्यहरु तथा भूमिकाहरु........30
७. कार्य योजना........33
७.१ नयाँ खानेपानी आयोजनाहरु (अनुसूची १)........33
७.२ सामान्य मर्मत गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची २)........33
७.३ ठूलो खाले मर्मत गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची ३)........33
७.४ पूनःस्थापना गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची ४)........34
७.५ पूनःर्निर्माण गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची ५)........34
७.६ क्षमता अभिबृद्धि योजना........35
८. कार्यक्रम र बजेट........36
९. पञ्चबर्षिय बार्षिक बजेट........37
१०. गुरुयोजना अनुमोदन, कार्यान्वयन, अनुगमन र अद्यावधिक........39
१०.१. गुरुयोजनाको अनुमोदन र पैरबी........39
१०.२. गुरुयोजनाको कार्यान्वयन........40
१०.३. गुरुयोजनाको अनुगमन........40
१०.४. गुरुयोजनाको समीक्षा र अद्यावधिक........41
११. चुनौती र अवसर........42
११.१ चुनौतीहरु........42

११.२ अवसरहरु ........................................................................................................ 43
१२. निश्कर्ष र आगामी कदम ........................................................................................ 45
१३. अनुसूची.................................................................................................................. 48

# १. परिचय

## १.१ पृष्ठभूमि र औचित्य

नेपालको संविधान २०७२ ले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हाल नेपालको संविधान २०७२ अन्तर्गत तीनै तहको निर्वाचन पश्चात स्थानीय सरकार समेत गठन भई संघीयता कार्यान्वयन भई सकेको स्थिति छ । नेपालको संविधानले खानेपानी तथा सरसफाइको पहुँचको हकलाई मौलिक हकको रुपमा अभिलेखित गरेको तथा नेपालको संविधानले तीनै तहको एकल तथा साझा अधिकारको रुपमा खानेपानी तथा सरसफाइ सेवा रहने व्यवस्था गरेको छ । सबै नागरिकलाई खानेपानी तथा सरसफाइ सुविधाको सुनिश्तता प्रदान गर्नु यस क्षेत्रको प्रमुख दायित्व हो।हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ व्यक्ति तथा प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधार स्तम्भको रुपमा विस्तारित भई खानेपानी, सरसफाइ तथा स्वच्छतालाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा स्विकार्न थालिएको छ ।

एकिकृत जलश्रोत व्यबस्थापनमा डब्लिन सिद्धान्तको प्रतिपादनको पश्चात संयुक्त राष्ट्र संघले खानेपानी तथा सरसफाइमा पहुँचलाई आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको थियो । यद्यपि यसलाई पानीको लागि शुल्क तिर्नु पर्दैन भनी सम्झन हुँदैन, तर यस अबस्थामा आधारभूत आवश्यकता पुर्तिका लागि आपूर्ति गरिने पानीको मूल्य आर्थिक रुपमा बहन गर्न सक्ने हुनु पर्दछ ।नेपालको संबिधानले पनि यस अवधारणालाई आत्मसात गरेको छ ।

नेपाल पनि सम्मिलित तथा स्विकार गरेको दीगो विकास लक्ष्य २०३० को दीगो विकास लक्ष्य ६ ले “सबैका लागि सरसफाइ तथा स्वच्छ खानेपानीको उपलब्धता र दीगो ब्यवस्थापनको प्रत्याभूति गर्ने” उद्देश्य लिएको छ । यसका साथै नेपाल सरकारको आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमले आगामी बर्ष ९२ प्रतिशत नागरिकलाई आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउने, शतप्रतिशत नागरिकलाई आधारभूत स्तरको सरसफाइ सुविधा उपलब्ध गराउने तथा खानेपानी सेवाको गुणस्तर अभिबृद्धि गर्दै जाने लक्ष्य राखेकोले बार्षिक बजेट तथा कार्यक्रम पनि सोही दिशा उन्मुख रहेको छ । सोही अनुरुप नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/१० को निर्णय अनुसार स्थानीय तहबाट कार्यान्वयनमा ल्याईने खानेपानी तथा सरसफाइ आयोजनाहरुको संशोधित बर्गीकरण निम्न अनुसार छन्ः

- आधारभूत खानेपानी आयोजना,
- तराई मधेशमा ५ हजार, पहाडमा ३ हजार र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुर्याउने आयोजना,
- खानेपानीको वितरण तथा अनुगमन,
- सरसफाइ सम्बन्धी जनचेतना अभिबृद्धि,
- ग्रामिण खानेपानी तथा सरसफाइ र फोहरमैला व्यवस्थापन

आधारभूत खानेपानी तथा सरसफाइ सम्पूर्ण नागरिकको न्युनतम आवश्यकता र अधिकारको रुपमा स्विकार गर्दै नेपाल सरकारले तय गरेको सन् २०१९ सम्ममा सम्पूर्ण नेपालीलाई आधारभूत खानेपानी र सरसफाइ सुबिधामा पहुँच पुर्याउने राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ, जसले स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई अभिबृद्धि गरी नेपाल सरकारको लक्ष्य पुरा गर्न सहयोग गर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ अन्तर्गत गाउँपालिका तथा गाँउकार्यापालिकाको काम, कर्तव्य र अधिकारहरु अनुसार खानेपानी योजनाको तर्जुमा, कार्यान्वयन, नियमन, महसुल निर्धारण तथा स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड निर्माणको साथै सो को कार्यान्वयन र नियमन गर्ने आदि रहेका छन्। यस अनुसार स्थानीय निकायहरु खानेपानी र सरसफाइ सेवाका लागि पूर्ण रुपमा उत्तरदायी छन्।

यस गाउँपालिका पनि २०७२ को महाभूकम्पबाट धेरै प्रभावित क्षेत्रहरूमध्ये खानेपानी तथा सरसफाइ पनि एक प्रमुख क्षेत्र हो । भूकम्प पश्चात विभिन्न खानेपानी आयोजनाहरूमा क्षति पुगे जसले गर्दा खानेपानी आपूर्ति प्रणाली अबरुद्ध हुन गयो । कैयौं घरहरुसंगै घरायसी शौचालयहरुमा पनि क्षति पुगे । यी विभिन्न समस्याहरू पश्चात सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा निजी क्षेत्र र समुदायबाट समेत खानेपानी आपूर्ति प्रणाली सुचारु गर्न क्षतिग्रस्त खानेपानी संरचनाहरूको मर्मत संभार, पुनर्रस्थापना तथा पुनर्निर्माणका लागि काम भएका छन् । तैपनि सम्पूर्ण क्षतिग्रस्त खानेपानी आयोजनाहरू पूर्ण रुपमा सामान्य अवस्थामा आउन अझै बाँकि नै छन् । अन्तमा सम्पूर्ण जनताहरुलाई संविधान प्रदत्त र नेपाल सरकारको लक्ष्य अनुरुप आधारभूत स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता

सेवा उपलब्ध गराउने जिम्मेवारी अन्तर्गत  गाँउपालिकाले यस गुरुयोजनाको निर्माण गरिएको हो ।

## १.२ उद्देश्य

गाँउपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको उद्देश्य संविधान प्रदत्त नेपाल सरकारको लक्ष्य तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्य अनुरुप स्थानीय स्तरमा सम्पूर्ण जनताहरुलाई स्वच्छ र सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र सुविधा प्रदान गर्ने आधारशिला तयार गर्नु हो । यस गुरुयोजनाको आधारमा आफ्नो समुदायभित्र र समुदाय-समुदायका बीचमा जलश्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दीगो रुपमा खानेपानी तथा सरसफाइको सवालमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान हुनुको साथै उक्त स्रोतहरुको औचित्यपूर्ण, समतामूलक र दीगो एकिकृत योजना निर्माण गर्न सहयोग पुग्दछ ।

गाँउपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाका अन्य उद्देश्यहरु निम्न वमोजिम रहेका छन्ः

- गाँउपालिकाभित्रका विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छतासंग सम्वन्धित तथ्याँकहरु संकलन गरी अध्यावधिक गर्ने र सो को आधारमा आवश्यक कार्यक्रम र क्रियाकलापहरुको पहिचान र प्राथमिकताक्रम निर्धारण गर्ने,
- कार्यक्रम कार्यान्वयनको लागि लागत सह भागिताको प्रक्रियाको आधारमा स्थागत र वित्तय व्यबस्थापन सुनिश्चिता गर्ने,
- सहभागितामूलक योजना प्रक्रियाका माध्यमबाट समतामुलक, समावेशीकरण र दीगोपना सुनिश्चित गरी गरिब, पिछडिएका र अन्य वञ्चित समुहहरुको खानेपानी, सरसफाइ र अन्य स्वस्थकर बानी व्यवहारको लागि आवश्यक सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने,
- यस गुरुयोजनालाई असम्बन्धित विषयको रुपमा अन्य विकासका योजनाहरुमा पनि समावेश  गर्ने तथा  यसको सफलतापुर्वक कार्यान्वन गर्न अन्य आबश्यक उपायहरु समेत अवलम्बन गर्ने।

## १.३ तयारी विधी एवं प्रक्रिया

भुम्लु गाँउपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना तयारीको लागि तपशिल बमोजिमको ३ तहमा बिभाजन गरिएको थियो:

(क) **पूर्व तयारी चरणः** यस अन्तर्गत तपसिलका क्रियाकलापहरु सम्पन्न गरिएका थिएः

- डेस्क अध्ययन
- प्रश्नावली तयारी
- गाउँपालिका स्तरीय कार्यशाला सञ्चालन


**(ख) स्थलगत सर्भेक्षणः** यस अन्तर्गत तपसिलका क्रियाकलापहरु सम्पन्न गरिएका थिएः

- स्थलगत तथ्याँक संकलन
- पूर्व सम्भाव्यता अध्ययन
- तथ्याँक बिश्लेषण
- प्राथमिकता निर्धारणको लागि गाउँपालिका स्तरीय कार्यशाला

**(ग) गुरुयोजना तयारीः** यस अन्तर्गत तपसिलका क्रियाकलापहरु सम्पन्न गरिएका थिएः

- गुरुयोजनाको मस्यौदा तयारी
- मस्यौदा गुरुयोजनाको छलफल र अनुमोदनार्थ गाउँपालिका स्तरीय कार्यशाला
- अन्तिम गुरुयोजनाको तयारी

खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना तयारी तपशिल बमोजिम संक्षेपीकरण गर्न सकिन्छः



## १.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना गाँउपालिकाको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमितताहरु रहनेछन्। यस गुरुयोजनाको स्वामित्व, कार्यान्वयन तथा अनुगमनका लागि भुम्लु गाँउपालिकाको जिम्मेवारी हो । यस गुरुयोजनाको आधारमा कतिपय आयोजनाहरु सहज तरिकाले कार्यान्वयनमा ल्याउने सकिने हुन्छन् भने कतिपय आयोजनाहरु आर्थिक स्रोत, मानवीय स्रोत र अन्य प्राविधिक कठिनाईका कारणले कार्यान्वयन गर्न कठिन हुन सक्छ । संभावित सिमितताहरुलाई मध्यनजर राख्दै खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तनमा सकारात्मक रुपमा सफलता हासिल गर्नका लागि गाउँपालिका, सरोकारवाला संघसंस्थाहरु सबैसँग सम्बन्ध, समन्वय र सहकार्य गर्दै स्थानीय स्रोत साधन पहिचान र परिचालन गर्न सकेमा खानेपानी, सरसफाइ तथा स्वच्छताकोक्षेत्रको दीगो विकासमा सहयोग पुग्नेछ र सिमितताहरुलाई न्यून गर्न सकिने हुन्छ । गुरुयोजनाको कार्यान्वयन गाँउपालिकाले गर्ने हुंदा यसको आर्थिक, प्राबिधिक र अन्य क्षमतालाई समेत बिचार गरी यस गुरुयोजनाले ठूला र बृहत आयोजना भन्दा स्थानीय आवश्यकता अनुसारको साना खालका आयोजनाहरुमा ध्यान केन्द्रित गर्नु मनासिव हुन्छ ।

## २. गाँउपालिकाको संक्षिप्त परिचय

भुम्लु गाँउपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश स्थित काभ्रेपलान्चोक जिल्लामा पर्दछ।संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा काभ्रेपलान्चोक जिल्लाको साबिकका सापिङ्ग, सिम्थली, बेखसिम्ले, चैबास, सल्लेभुम्लु, कोलाँतीभुम्लु, फँलाटे, भुम्लुटार, दोलालघाट, र ज्याम्दि (साबिकका ५,७,८ र ९ नं. वडा) गरी १० वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाउँपालिका स्थापना भएको हो । अहीले यस गाउँपालिकामा १० वटा वडाहरु रहेका छन् । यस गाँउपालिका जिल्लाको सदरमुकामदेखि ४० किलोमीटर को दुरीमा पर्दछ ।९१ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाँउपालिकामा २०७६ को गरिव घरपरिवार पहिचान कार्यक्रम मार्फत गरिएको सर्भेक्षण अनुसार करिव २५ हजार जनसङ्ख्या रहेको छ । प्रशासनिक विभाजन अनुसार कुल १० वडाहरू यस गाँउपालिका क्षेत्रमा पर्दछन । यस गाँउपालिकाको पूर्वमा चौंरीदेउराली गाँउपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा मण्डनदेउपुर नगरपालिका र पाँचखाल नगरपालिका, उत्तरमा सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाँउपालिका र मण्डनदेउपुर नगरपालिका र दक्षिणमा पाँचखाल नगरपालिका, तेमाल गाउँपालिका र चौंरीदेउराली गाँउपालिका रहेका छन्।भौगोलिक हिसाबले नेपालको मध्यपहाडी  क्षेत्र देखि हिमाली क्षेत्रमा फैलिएको  यस गाँउपालिका  जैबिक बिबिधता, प्राकृतिक स्रोत र पर्यटकीय रुपमा महत्वपुण रहेका छन।सुनकोशी र इन्द्रावतीजस्ता नदीले वेष्ठित भुम्लुमा साना ठुला खोलानालाहरु र प्रशस्त जंगलहरु छन् ।

यस गाँउपालिकाका जनताको मुख्य पेशा कृषि नै हो।परम्परागत कृषि प्रणालीमा अधारित किसानहरु नै यसका आधार हुन।व्यापार व्यबसाय, रोजगारी र वैदेशिक रोजगारी पनि जनजीविकाको सहायक स्रोतहरु हुन। दोलालघाट वजार गाउँपालिकाको ठुलो वजार क्षेत्र हो।यसका अलवा भुम्लुटार, सल्ले र चौवासमा पनि साना बजार छन्।वडा नं. १को मुलखर्कमा रहेको भीमशेन स्थान र गणेश मन्दिर यस क्षेत्रकै प्रसिद्द धार्मिक स्थल हुन्।वडा नं. ८को सुनकोशी र इन्द्रवतीको दोभानमा अवस्थित दुलालेश्वर महादेवको मन्दिर, अन्य गुम्वा मठमन्दिरले सजिएको यस गाउँपालिकामा दोलालाघाट, गडीडाँडा, साँगास्वती, भीमसेनस्थान जस्ता प्रशस्त पर्यटकीय सम्भावना वोकेका स्थलहरु छन्।

# ३. गाँउपालिकाको सामाजिक तथा आर्थिक पाश्र्वचित्र

## ३.१ अवस्थिति तथा पहुँच

भुम्लु गाउँपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काभ्रेपलान्चोक जिल्लामा पर्दछ। भौगोलिक हिसाबले २७°४१'३१" अक्षांश देखि २७°३६'०४" अक्षांश र ८५°३९'०७" देखि ८५°४६'५१" देसगान्तर सम्म फैलिएको छ। कुल ९१ वर्ग कि.मि मा फैलिएको यस गाउँपालिका र जिल्ला सदरमुकाम बिचको दुरी ३५ कि.मी रहेको छ। भुम्लु गाउँपालिकामा हाल वटा १० वडाहरु कायम गरिएको छ भने यस गाँउपालिकाको पूर्वमा चौंरीदेउराली गाँउपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा मण्डनदेउपुर नगरपालाका र पाँचखाल नगरपालिका, उत्तरमा सिन्धुपाल्चोक जिल्लाको र मण्डनदेउपुर नगरपालिका र दक्षिणमा पाँचखाल नगरपालिका, तेमाल गाउँपालिका र चौंरीदेउराली गाँउपालिका रहेका छन्। यस गाउँपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त संख्या तथा सिमाना निर्धारण आयोगले पेश गरेको प्रतिवेधन र नेपाल सरकारको निर्णय अनुसार साविकका सापिंग, सिम्थली, वेखासिम्ले घर्तीगाउँ, चौबास, सल्ले भुम्लु, कोलाती भुम्लु, फलाँटे, भुम्लुटार, दोलालघाट र ज्याम्दी मण्डन (५,७,८,९) गा.वि.स समावेश गरि भएको हो। पुनर्संरचना सम्बन्धी थप विवरण देहाय बमोजिम रहेको छः

तालिकाः१ गाउँपालिकाको गठन र समावेश साविक गाविसहरु

| वडा नं | समावेश भएका साविक गाविसहरू | साबिक वडाहरु | वडा कार्यालय रहेको स्थान | कौफियत |
|---|---|---|---|---|
| १ | सापिङ्ग | १-९ | सापिङ्ग | |
| २ | सिम्थली | १-९ | सिम्थली | |
| ३ | बेखसिम्ले घर्तिगाँउ | १-९ | बेखसिम्ले | |
| ४ | चौबास | १-९ | चौबास | |
| ५ | सल्लेभुम्लु | १-९ | सल्ले | |
| ६ | कोलाती भुम्लु | १-९ | कोलाती | |
| ७ | फलाँटे | १-९ | फलाँटे | |
| ८ | भुम्लुटार | १-९ | भुम्लुटार | |
| ९ | ज्याम्दीमन्डन | ५,७,८,९ | ज्याम्दीवचड | |
| १० | दोलालघाट | १० | दोलालघाट | |

श्रोतः जिल्ला वस्तुगत विवरण, काभ्रेपलाञ्चोक, २०७४

## ३.२ जनसांख्यिक बिबरण

### ३.२.१ वडागत जनसंख्या

भुम्लु गाउँपालिकाको प्रोफाईल अनुसार यस गाउँपालिकाको कुल घरपरिवार ५४९१ र जनसंख्या २७,४७८ थियो जसमा महिलाको जनसंख्या १३,४६६ र पुरुषको जनसंख्या १४,०१२ रहेका छन्। त्यसैगरी जनसंख्याको वडा अनुसारको विवरण हेर्दा वडा नं १ सबैभन्दा बेसी जनसंख्या भएको वडा रहेको थियो भने वडा नं ७ सबैभन्दा थोरै जनसंख्या भएको वडा रहेको पाईन्छ। यस सम्बन्धि वडागत रुपमा जनसंख्या विवरण देहाय बमोजिम रहेको छ।

*तालिका २: वडागत जनसंख्या*

| वडा नं | घरधुरी संख्या | कुल जनसंख्या | महिला | पुरुष | तेस्रो लिंगी |
|---|---|---|---|---|---|
| १ | १,०५५ | ५,०७६ | २,४७८ | २,३९८ | ० |
| २ | ५११ | २,७३३ | १,३११ | १,४१४ | ० |
| ३ | ३५६ | १,८३३ | ९१४ | ९११ | ० |
| ४ | ५२३ | २,७८७ | १,३५४ | १,४३३ | ० |
| ५ | ५६५ | ३,४१४ | १,६८९ | १,७५२ | ० |
| ६ | ४१० | १९,९४ | ९८५ | १,००९ | ० |
| ७ | ३३४ | १,८५९ | ९२१ | ९३८ | ० |
| ८ | ५८९ | २,८०८ | १,३९६ | १,४१२ | ० |
| ९ | ६४२ | २,६४७ | १,२६९ | १,३७८ | ० |
| १० | ५०६ | २,३०० | १,१४१ | १,१५९ | ० |
| जम्मा | ५,४९१ | २७,४७८ | १३,४६६ | १४०१२ | ० |

### ३.२.२ जातिगत तथा भाषागत बिबरण


यस गाउँपालिकामा तामांङ जातिको संख्या सबैभन्दा बेसी ६५८५ भएको पाईन्छ। त्यसैगरि क्षेत्री र बाहुन क्रमगतले बढी भएको देखिन्छ। २,७१० पहरी र २५५० नेवार त्यसपछि अधिकतम रहेको पाइन्छ। त्यसैगरि माझी, कामि, सन्यासी सबैको जनसंख्या १००० माथि छ भने ठकुरी, सार्की, दमाइ/ढोली, भुजेल/घर्ति पनि रहेका छन् भने गुरुङ, मगर, छन्त्याल, हायु, मिजार, थामी, बरैइ, गिरि, शेर्पा र थकाली थोरै मात्रामा रहेको पाईन्छ। मातृभाषाका आधारमा ८३% ले नेपाली प्रयोग गरेको देखिन्छ भने १७%ले नेवार, तामांग लगायत अरु भाषा प्रयोग गरेको देखिन्छ।

## ३.३ भू-उपयोगको विवरण

यस गाउँपालिकाको सबै भाग पहाडी भू-भाग अन्तर्गत पर्दछ। भौगोलिक सुचना प्रणाली (GIS)अनुसार यस गाउँपालिकाको भु-धरातललाई भिरालोपनको आधारमा वर्गीकरण गर्दा ३०° भन्दा माथि अर्थात ठाडो भिरालो भएका जग्गाहरु जहाँ वस्ती जोखिमपूर्ण हुन सक्ने सम्भावना बढी हुन्छ त्यस्ता जग्गाहरु नै करीब ५२% रहेको पाइएको छ । समतल जमीन (५° भन्दा कम भिरालोपना) को परिमाण कूल जग्गाको करिब ८ प्रतिशत मात्र रहेको छ । धेरैजसो वस्तीहरु तथा खेती ५° देखि ३०° सम्मको भिरालोमा रहेको पाइन्छ ।गाउँपालिकाको कुल भूगोलको ३२.५६% वनजगंल र ४७.९७% जमिनमा खेती गर्ने गरिएको पाइन्छ । भिरालो जमिनमा समेत खेती गर्ने गरिएको हुँदा गह्रा खेती प्रणालीलाई प्रभावकारी रुपमा अवलम्बन गर्नुपर्ने देखिन्छ । त्यसैगरि आधाभन्दा बढी जमीन कृषि योग्य भनिएता पनि धेरै जसो यस्ता क्षेत्रहरुमा सिंचाइको अभावले गर्दा आकासे पानीमा नै भर पर्नु परेको छ । यसबाहेक कुल जमिनको २ प्रतिशत भन्दा कम भूमि पानी तथा चट्टानको भाग रहेको छ । यस बारेमा थप जानकारी तलको तालिकामा दिइएको छः

तालिका ३: भू-उपयोगको विबरण

| क्र.सं. | भू-उपयोग | भू-उपयोग क्षेत्रफल (ब.कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | बन जगंलले ढाकेको जमिन | ३१.५५ | ३२.५६ |
| २ | कृषि योग्य जमिन | ४६.४८ | ४७.९७ |
| ३ | बस्ती | १६.८ | १७.३४ |
| ४ | पानीको भाग | ०.३१ | ०.३२ |
| ५ | प्रयोग नभएको जमिन | १.३६ | १.४ |
| ६ | बालुवा भएको | ०.३९ | ०.४ |
| | **जम्मा** | **९६.८९** | **१००** |




## ३.४. आर्थिक स्थिति

यस गाउँपालिकामा ७२% जनसंख्या रोजगार रहेको पाईन्छ। रोजगारको मूल श्रोत कृषि रहेको यस गाउँपालिकामा सरकारी सेवा, प्रशासन सेवा, सरकारी प्राविधिक सेवाम, शिक्षण सेवा, बैंक तथा वित्तीय संस्था, निजि क्षेत्र ईत्यादिमा पनि रोजगारी रहेको देखिन्छ। वैदेशिक रोजगारमा जानेको जनसंख्या पनि धेरै रहेको देखिन्छ भने ज्याला मज्दुरिलाई मूल पेशा बनाई अपनाएकाको संख्यापनि धेरै रहेको देखिन्छ।

तालिका ४: आर्थिक स्थिति

| आर्थिक क्षेत्र | हालको अवस्था |
|---|---|
| कृषि भुमि | कुल जमिन को १९% |
| कृषि उत्पादन | आफ्नो उत्पादन र आम्दानी बाट बर्षभरि खान पुग्ने परिवारको प्रतिशत ८३ |
| व्यवसायिक उत्पादन संलग्न | ६५६ |

| | |
|---|---|
| कृषक संख्या | |
| कृषि तथा पशुपालनमा संग्लग्न जनसंख्या | ६२७६ |
| पर्यटन व्यवसायी जनसंख्या | ८२ |
| उद्धोग तथा व्यवसायमा संलग्न व्यक्ति | १५५० |
| चालु घरेलु तथा लघु उद्धोग संख्या | ४४२ |

## ३.५. भौतिक पूर्वाधार

यातायात पूर्वाधार समग्र विकासको मेरुदण्ड हो। यातायात सेवा लगायत पूर्वाधारका अन्य विकास आयोजनाले विस्तृत आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका विकासको गतिलाई सुगम पार्न तथा सार्वजनिक सेवामा पहुँच, प्रवाह र नागरिकको दैनिक जीवनयापनालाई सहज बनाउने भुमिका रहेको छ।यस गाउँपालिकामा स्थानीय सरकारको स्थापना आएपछि धेरै नयाँ सडक विस्तार भएको देखिन्छ। करिब ११% घरहरु सम्म मात्र सडक नपुगेको अवस्था छ भने घरको ६ फिट नजिकै सडक हुने घर हरु ५६% रहेका छन्। २४० किमी कच्ची सडकको सुविधा छ भने यस गाउँपालिकामा ४ किमी ग्राभेल मध्यपहाडी राजमार्गको पनि पहुँच रहेक छ। त्यसै गरि १५७ किमी जिल्ला सडक मध्ये १४६ किमी ग्राभेल छ भने ११ किमी पक्कि रहेको छ। त्यसैगरी वर्षातलाई मध्यनजर गरि कच्ची सडक उपयोग्य बनाउनका निम्ति धेरै स्थानहरुमा ढुङ्गा छापिएको पनि पाईन्छ।

यस आधुनिक युगमा सुचना भनेको सबैभन्दा शक्तिसाली अस्त्र हो। सूचना तथा संचारको पहुँच हरेक नागरिकको आधारभूत आवश्यकता बनिसकेको अवस्था छ। यस गाउँपालिकामा संचारको स्थिति कमजोर रहेको देखिन्छ। यस गाउँपालिकामा १३२९ घरधुरीसँग कुनै प्रकारको संचार माध्यमको पहुँच नभएको छ। त्यसैगरी अझै पनि रेडियोलाई संचारको प्रमुख माध्यम मान्ने घरधुरीको संख्यापनि २६७७ रहेको छ। संचारको सबल पक्ष भनेको यस गाउँपालिकाका अधिकांश स्थानहरुमा न्युनतम संचार सुविधा कायम गरिएको देखिन्छ।

आवास मानवको जीवनको आधारभूत आवश्यकतामा पर्दछ। सविधानले पनि आवासलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। स्थानीय संचालन ऐनले सुरक्षित बस्ति विकास, भवन मापदण्ड तथा नियमन जस्ता कार्यहरु स्थानीय तहको जिम्मेवारीमा सुम्पेको छ। यस गाउँपालिकामा ५४१७ घरधुरी रहेको देखिन्छ जसमा ८२% घरहरुको एक कोठा उपभोग भएको पाईन्छ । त्यसैगरी करिव ४,४२८ घरहरु एक तले र केवल २१ घर चार

तला भन्दा बढीको रहेको देखिन्छ। छानाको हिसाबले भने ८७% घरहरु जस्ता वा टायलको रहेको देखिन्छ भने ११% सिमेन्टको छाना भएको र २% ढुंगा वा खपडाको छाना भएको घरहरु रहेको पाईन्छ।

कृषि सँग प्रत्यक्ष रुपमा सम्बन्धित सिचाईले उत्पादनमा धेरै महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपाल कृषिप्रधान देश भएपनि अझै अधिकांश कृषि आकासे पानीमा भर परेको देखिन्छ। यस गाउँपालिकामा पनि सिचाईको अवस्था उत्सहाजनक नरहेको देखिन्छ। रहेका खेति भैरहेको जग्गामा १८,१७४ रोपनी सिंचित खेतको अनुपातमा २०,८०१ रोपनी खेत असिन्चित रहेको पाइन्छ। अधिकांस वडाहरुमा रहेका खेतहरु मध्ये असिंचितखेत सिंचित खेत हरु भन्दा बर्चस्वमा रहेको पाइन्छ। तुलनात्मक हिसावले वडा नं ६ मा सबै भन्दा बढी सिंचित खेत रहेको छ भने सबै भन्दा बढी असिंचित खेत वडा नं १ मा रहेको पाइन्छ। यस गाउँपालिकाको सिचाई सन्धर्भमा सबल पक्ष भनेको मुहानहरु धेरै हुनु र सिचाइका लागि विभिन्न प्रयास भएका देखिन्छ। तर भएका मुहानाहरुमा धेरैको अवस्था निकै नाजुक रहेको र धेरेइ मुहानहरु ५ वर्षभित्र सुक्ने देखिन्छ। हाल भुम्लु गाउँपालिकामा मात्र ३ किसिमको सिंचाई प्रणालीको प्रयोग भएको पाइन्छ । नेपालको जलश्रोतको दृष्टिकोणले प्रशस्त भएको कारण जलविद्युतमा निर्भर देश रहेको अवगत नै छ। यस गाउँपालिकाको पनि उर्जाको मुख्य श्रोत भनेको जलाविद्युत नै रहेको पाईन्छ। करिव ९३% जनताले विद्युतको सुविधा पाएका छन्।

## ३.६. सामाजिक पूर्वाधार

### ३.६.१ स्वास्थ्य सेवा

गाउँपालिकामा १० वटा स्वास्थ्य सेवा केन्द्र रहेका छन्। यिनै केन्द्रले औषधि उपचारको लागि ७९ प्रतिशत घरपरिवारमा पहुँच पुर्याएका छन्। करिब २०%ले निजि क्लिनिकको सेवा पनि लिएको पाईन्छ। यी स्वास्थ्य केन्द्रहरुमा गुणस्तर कायम गर्न भने चुनौतिपूर्ण रहेको देखिन्छ। त्यसैगरी पोषण युक्त आहारको उपलब्धता ५५ प्रतिशत जनसंख्या लाई हप्ताको ७ दिन नै रहेको पाईन्छ भने करिब ७%लाई हप्ताको २ दिन वा सो भन्दा कम मात्र उपलब्ध हुने देखिन्छ।

### ३.६.२ शिक्षा

यस गाउँपालिकामा आधारभूत देखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु ४ आधारभूत, ४ आधारभूत प्राथमिक, २८ प्राथमिक, ७माध्यमिक र १ क्याम्पस गरि ४४ वटा

शैक्षिक संस्थाहरु संचालित छन्। अधिकांश घरहरुमा विजुली भएपनि केहि सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। यस गाउँपालिकामा १०,९६४ साक्षर पुरुष छन् भने ८.५३० साक्षर महिला छन्। अध्ययन सम्पन्न गरेकाको विविवरणलाई हेर्दाप्राथमिक कक्षा सम्म अध्ययन सम्पन्न गरेका लाई १०० प्रतिशत मान्दा मा.वि. सम्म ७०, उ.मा.वि सम्म ५१, स्नातक सम्म ५ प्रतिशत र स्नातकोत्तर सम्म २ प्रतिशत गएको देखिन्छ। त्यसै गरी ४२५७ जना गैर प्राविधिक बिषयमा अध्ययनरत छन् भने मात्र ३६ जना प्राविधिक बिषयमा अध्ययनरत छन्।

## ३.७ संक्षिप्त सांस्कृतिक बिबरण

यस भुम्लु गाउँपालिकाको ठुलो बजार भनेकै दोलालघाट बजार क्षेत्र हो।यसको अलावा भुम्लुटार, सल्ले र चौवासमा पनि साना बजार छन्।वडा नं. १ को मुलखर्कमा रहेको भीमसेन स्थान र गणेश मन्दिर यस क्षेत्रकै प्रसिद्ध धार्मिक स्थल हुन्। यसका साथै वडा नं ८ मा सुनकोशी र ईन्द्रावतीको दोभानमा अवस्थित दुलालेश्वर महादेवको मन्दिर, अन्य गुम्बा, मठमन्दिरले सजिएको यस गाउँपालिकामा दोलालघाट, गैडीडाँडा, साँगास्वती, भीमसेन स्थान जस्ता प्रशस्त पर्यटकीय तथा सम्भावना बोकेका स्थलहरु रहेका छन्।यस्ता पर्यटकीय तथा धार्मिक स्थलहरुको अधिकतम उपयोग गर्नुपर्ने आवश्यक्ता देखिन्छ ।

## ३.८ संस्थागत अवस्था

यस गाउँपालिकाको कार्यालय सल्ले बजारमा पुरानो गाउँ विकास समितीको भवनमा संचालन गरि राखेको अवस्था रहेको छ।साथै हरेक वडामा वडा कार्यालयहरु रहेका छन्। यस गाउँपालिकामा बिजुली, कम्प्युटर तथा प्रिन्टरहरुको सुबिधाको साथै इन्टरनेटको ब्यवस्था पनि रहेको छ ।यस गाउँपालिकामा निर्वाचित पदाधिकारी तथा वडाहरूमा वडा सचिव मात्र रहेको अवस्था छ

।नेपाल सरकारले जारी गरेको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार स्थानीय तहको कार्य जिम्मेवारी बमोजिम दैनिक प्रशासनिक, कार्यक्रम तथा बजेट, कर्मचारी व्यवस्थापन, कर्मचारीहरूको तलब भत्ता तथा सुविधा लगायतको आर्थिक व्यवस्थापनको लागि प्रमुख प्रशासकिय अधिकृत, योजना अधिकृत, लेखा अधिकृत, लेखापाल, वडा सचिब, बिषयगत प्राबिधिकहरु (ईन्जिनियर, सब ईन्जिनियर, कृषि प्राबिधिक, स्वास्थ्य प्राबिधिक, सामाजिक परिचालक आदि), कम्प्युटर अपरेटर, कार्यालय सहायक, कार्यालय सहयोगी कार्यरत रहेका छन्।

साथै, यस गाउँपालिकामा बिभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरु पनि कार्यरत रहेका छन् । यस गाउँपालिकामा सरकारी संस्थाका अलावा बिभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्र सरकारी सस्थाहरु पनि कार्यरत रहेका छन् ।

## ३.९ स्थानीय जनशक्तिको विवरण

स्थानीय स्तरमा आयोजना कार्यान्वयन गर्न स्थानीय मानव श्रोतको रुपमा बिषयगत दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका हुने गर्दछ । त्यस्तै खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि पनि बिभिन्न किसिमका जनशक्तिहरु आवश्यक पर्दछ । यी जनशक्तिहरुमा ईन्जिनियर, सब-ईन्जिनियर, मिस्त्री, कालिगढ, प्लम्बर, खा.पा.स.टे., पम्प अपरेटर, सामाजिक परिचालक, महिला स्वास्थ्य कार्यकर्ता तथा लेखा सम्बन्धी जनशक्ति आदि हुन्। यस गाँउपालिकाभित्र पनि यी जनशक्तिहरु उपलब्ध रहेका छन्। यस अलावा अन्य बिषयगत दक्ष जनशक्तिहरुमा कृषि प्राबिधिक, पशु प्राबिधिक, स्वास्थ्य सम्बन्धी जनशक्ति (हेल्थ असिष्टेन्ट, अ.हे.ब, अनमी, नर्स आदि) बिद्युत प्राबिधिक, सिकर्मी, डकर्मी, आदि पनि रहेका छन्।

गुणस्तरीय मानव संशाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवं अन्तराष्ट्रिय श्रम बजारमा पहुँच पुर्याउन सहयोग पुग्छ। गाउँपालिकामा आर्थिक रुपमा सक्रिय जनसंख्याको हिस्सा करिब ६५% रहेको पाईन्छ। मानव संसाधनको विकास र उचित उपयोग गर्नाका लागि विगतमा कुनै कार्यक्रमहरु संचालन नगरिएकाले अपेक्षित उपलब्धि हुन सकेको छैन। श्रम शक्तिमा वृद्धि भएअनुरुप स्थानीय स्तरमा रोजगारीका अवसरहरुमा वृद्धि नभएको कारण अधिकांश युवाहरु रोजगारिकानिमती विभिन्न मुलुकमा विदेशिने गरेको देखिन्छ। जाने कामदारहरु अधिकांश अदक्ष कामदार रहेको पाईन्छ। यस्ता युवाहरुलाई व्यवसायिक तथा प्राविधिक, शिक्षा तथा सिपमुलक तालिमको माध्यमबाट दक्ष तथा क्षमतावान जनशक्तिमा परिणत गरि गाउँपालिका, जिल्ला तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन सकिन्छ। गाउँपालिका स्तरीय रोजगारीको अवसरहरु स्थानीयले नै सदुपयोग गर्न नसकेको कारण उपयोग गर्न सकिने वातावरण सिर्जना गर्नु पर्ने देखिन्छ।

# ४. खानेपानी, सरसफाइ तथा स्वच्छताको विद्यमान स्थिति

## ४.१ बिद्यमान जलश्रोतहरुको विश्लेषण

### ४.१.१ जलश्रोतको बर्तमान अवस्था तथा घनत्व

स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्याँकहरुको बिश्लेषण अनुसार भुम्लु गाउँपालिकामा ८२ वटा जलश्रोतहरु रहेका छन्।ती सबै श्रोतहरु मध्ये ७२ श्रोतहरु खानेपानी आयोजनाको लागि प्रयोग गरिएका छन्, जसमध्ये २६ वटा श्रोतहरु पुरानो खानेपानी आयोजना र ४६ वटा श्रोतहरु नयाँ प्रस्तावित आयोजनाको लागि प्रयोग गरिएका छन्। यी श्रोतहरुमध्ये पानीको क्षमता तथा बहावको आधारमा बर्गीकरण गर्दा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड भन्दा कम रहेको श्रोत मात्र १ वटा मात्र छ भने पानीको बहाव ०.१ देखि ०.५ लिटर प्रति सेकेन्ड भएको श्रोतहरु ७७ वटा रहेका छन्। त्यस्तै, पानीको बहाव ०.५ देखि १ लिटर प्रति सेकेन्ड भएका श्रोत १ वटा रहेको छ भने १ लिटर प्रति सेकेन्ड भन्दा बढी पानीको बहावभएको श्रोतहरु ३ वटा छन्। यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ।

तालिका ५ :जलश्रोतको बर्तमान अवस्था तथा पानीको बहाव

| वडा | श्रोतको संख्या | श्रोतको क्षमता (लि./से.) | | | | जलश्रोतको प्रयोग | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | <.१ | .१-.५ | .५-.१ | >१ | खानेपानी | सिंचाई | जल विद्युत | |
| १ | ४ | १ | ३ | | | ४ | | | |
| २ | ९ | | ९ | | | ९ | | | |
| ३ | ४ | | ४ | | | ४ | | | |
| ४ | १७ | | १६ | १ | | १७ | | | |
| ५ | ९ | | ९ | | | ९ | | | |
| 6 | ११ | | ९ | | २ | ११ | | | |
| ७ | ११ | | ११ | | | ११ | | | |
| 8 | १० | | ९ | | १ | १० | | | |
| ९ | ४ | | ४ | | | ४ | | | |
| १० | ३ | | ३ | | | ३ | | | |
| जम्मा | ८२ | १ | ७७ | १ | ३ | ८२ | ० | ० | |

श्रोतः स्थलगत सर्बेक्षण, २०७९

### ४.१.२ जलश्रोतको किसिम र बर्तमान अवस्था

स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्याँकहरुको बिश्लेषण अनुसार यस गाउँपालिकामा भएका २६ वटा बिद्यमान खानेपानी तथा सरसफाइ आयोजनाहरुको लागि २६ वटा पानीको श्रोतहरु प्रयोग गरिएको छ भने प्रस्तावित ४६ वटा नयाँ आयोजनाहरुको लागि प्रयोग गरिने ४६ वटा र अन्य श्रोतहरु समेत जम्मा ८२ वटा श्रोतहरु रहेका छन्। यी सबै जलस्रोतहरुको विश्लेषण गर्दा ७८ वटा मूल (Spring) र ४ वटा खोला (Stream) रहेका छन्। यी सबै जलस्रोतहरुको बर्तमान अवस्थाको विश्लेषण गर्दा ७३ वटा श्रोतहरु सामान्य अवस्थामा रहेका छन् भने ८ वटा श्रोतहरुमा पानीको बहाव घटेको देखिन्छ र १ वटा श्रोतमा पानी सुकेको स्थिति छ । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

तालिका ६: जलश्रोतको किसिम र बर्तमान अवस्था

| वडा | श्रोतको संख्या | श्रोतको किसिम | | | श्रोतको बर्तमान अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल | खोला | अन्य | सामान्य | सुकेको | घटेको | सरेको | |
| १ | ४ | ४ | ० | ० | ३ | ० | १ | ० | |
| २ | ९ | ९ | ० | ० | ७ | ० | २ | ० | |
| ३ | ४ | ४ | ० | ० | ४ | ० | ० | ० | |
| ४ | १७ | १६ | १ | ० | १४ | १ | १ | ० | |
| ५ | ९ | ९ | ० | ० | ८ | ० | १ | ० | |
| ६ | ११ | ९ | २ | ० | ९ | ० | २ | ० | |
| ७ | ११ | ११ | ० | ० | ११ | ० | ० | ० | |
| ८ | १० | ९ | १ | ० | १० | ० | १ | ० | |
| ९ | ४ | ४ | ० | ० | ४ | ० | ० | ० | |
| १० | ३ | ३ | ० | ० | ३ | ० | ० | ० | |
| जम्मा | ८२ | ७८ | ४ | ० | ७३ | १ | ८ | 0 | |

श्रोतः स्थलगत सर्बेक्षण, २०७९

## ४.२ खानेपानीको अवस्था

### ४.२.१ घरायसी खानेपानीको अवस्था

यस गाउँपालिकाको कुल ५४९१ घरधुरीले प्रयोग गर्ने श्रोतहरु मध्ये धेरै जसो घरधुरीहरुले सार्वजनिक धारावाट पानि खाने गर्दछन्। कुल घरधुरी मध्ये ५७.७९ प्रतिशत घरधुरीहरुले सार्बजनिक धारावाट खानेपानिको उपभोग गर्दछन भने ३२.०२ प्रतिशत घरधुरीहरुले घर

कम्पाउन्डमानै धारावाट खानेपानिको उपभोग गर्दछन् साथै ८.८९ प्रतिशत घरधुरीहरुले मुलवाट खानेपानिको उपभोग गर्दछन्।

तालिका ७: खानेपानीको श्रोतको आधारमा घरधुरी

| क्र.सं. | खानेपानीको श्रोत | घरधुरी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पाईप धारा घर कम्पाउन्डमा | १७५८ | ३२.०२ | |
| २ | पाईप धारा सार्बजनिक | ३१७३ | ५७.७९ | |
| ३ | ट्युवबेल/हेन्डपम्प | १८ | ०.३३ | |
| ४ | ढाकिएको इनार/ कुवा | १७ | ०.३१ | |
| ५ | नढाकिएको इनार/ कुवा | ५ | ०.०९ | |
| ६ | मुलको पानि | ४८८ | ८.८९ | |
| ७ | खोलाको पानि | ३२ | ०.५८ | |
| | जम्मा | ५४९१ | १०० | |

#### ४.२.१.२ आयोजनाहरुको सञ्चालन स्थिति

यस गाउँपालिकामा निर्मित २६ वटा खानेपानि योजनाहरुको नाम र अबस्था  अनुसूची ८ मा दिईएको छ।

#### ४.२.१.३ खानेपानी आयोजनाहरुको मर्मत/पुनःस्थापना/पूनर्निर्माणको अवस्था

यस गाउँपालिकामा रहेका २६ वटा खानेपानी आयोजनाहरुमध्ये ५ वटा पूर्ण रुपमा सञ्चालित रहेका छन। तीमध्ये १३ वटा आयोजनामा सामान्य मर्मतको आवश्यकता देखिन्छ, २ वटा आयोजनामा ठूलो खालको मर्मतको आवश्यकता छ,  वटा आयोजनामा पूनःस्थापनाको आश्यकता देखिन्छ भने ४ वटा आयोजनामा पूनर्निर्माणको आवश्यकता देखिन्छ । पूर्ण रुपमा सञ्चालित कतिपय आयोजनाहरुमा पनि अवस्था हेरि पूनःस्थापनाको आवश्यकता रहेको छ । यस सम्बन्धी खानेपानी आयोजनाहरुको विबरण अनुसूची २,३,४,५ मा दिईयको छ।

### ४.२.२ संस्थागत (बिद्यालय/स्वास्थ्य संस्था) खानेपानीको अवस्था

भुम्लु गाउँपालिकाको १० वटा वडाहरुमा प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्मका कूल ४६ वटा बिद्यालय छन्।मध्ये सबै ३३ वटा बिद्यालयमा खानेपानीको सुबिधा उपलब्ध छ भने १३ वटा बिद्यालयमा खानेपानीको सुबिधा उपलब्ध छैन।खानेपानीको सुविधा भएका बिद्यालयहरु तलको तालिकामा दिईएको छ।

तालिकाः८ खानेपानीको सुविधा भएका बिद्यालयहरु

| क.सं. | वडा नं | बिद्यालयको नाम | ठेगाना | बिद्यालयको प्रकार | पढाई हुने तह | शुद्ध खानेपानीको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | १ | सेतीदेवी आधारभूत बिद्यालय | सापिङ्ग | सामुदायिक | आधारभूत तह | छ |
| २ | १ | श्री कलिदेबी प्रा.वि | ठाडो कोडका | सामुदायिक | आधारभूत तह | छ |
| ३ | १ | श्री गणेश प्रा. वि | सापिङ्ग | सामुदायिक | आधारभूत तह | छ |
| ४ | १ | श्री देवी प्रा.वि | कतिके | सामुदायिक | आधारभूत तह | छ |
| ५ | १ | श्री सेती देवी मा.वि | रिट्टे | सामुदायिक | बाल विकास कक्षा | छ |
| ६ | १ | श्री जनजागृति प्रा.वि | सापिङ्ग | सामुदायिक | आधारभूत तह | छ |
| ७ | २ | श्री सेतीदेवी आधारभूत बिद्यालय | सिम्थली | सामुदायिक | आधारभूत तह | छ |
| ८ | २ | श्री बाल उन्नति आ.वि . | सिम्थली | सामुदायिक | आधारभूत तह | छ |
| ९ | २ | श्री कालीदेवी आधारभूत बिद्यालय | सिम्चाली काभ्रे | सामुदायिक | आधारभूत तह | छ |
| १० | ३ | श्री सिंह गणेश प्राथमिक बिद्यालय | बेखसिम्ले | सामुदायिक | माध्यमिक तह | छ |
| ११ | ३ | श्री भुसीदेवीस्थान प्रा.वि | भुसी | सामुदायिक | आधारभूत तह | छ |
| १२ | ४ | श्री सेंते देवी माध्यमिक विधालय | सेंते काभ्रे | सामुदायिक | माध्यमिक तह | छ |
| १३ | ४ | श्री नवजागृति प्रथमिक विधालय | चौवास | सामुदायिक | बाल विकास कक्षा | छ |
| १४ | ४ | श्री महादीष आधारभूत विधालय | काभ्रे | सामुदायिक | आधारभूत तह | छ |
| १५ | ५ | श्री सप्त कन्या प्रा.वि | जामुने | सामुदायिक | आधारभूत तह | छ |
| १६ | ५ | गणेश प्रा.वि | भुल्मु डाँडा | सामुदायिक | आधारभूत तह | छ |
| १७ | ६ | श्री सुनकोशी जनविकास प्रा.वि | कोलाती आँपघात | सामुदायिक | आधारभूत तह | छ |
| १८ | ६ | श्री जनचेतना प्रा.वि | कोलाती खर्कपाखा | सामुदायिक | आधारभूत तह | छ |
| १९ | ६ | श्री सरस्वती प्रा.वि | सिम्ले डाँडा वारी | सामुदायिक | आधारभूत तह | छ |
| २० | ६ | कौशिक बौदिक गुरुकुल | कोलाती | निजी | आधारभूत तह | छ |
| २१ | ७ | श्री शारदा माध्यमिक बिद्यालय | भुल्मु फलाटे | सामुदायिक | माध्यमिक तह | छ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | ७ | श्री पातालेश्वोर माध्यमिक विद्यालय | भुल्मु फलाटे | सामुदायिक | आधारभूत तह | छ |
| २३ | ७ | श्री आधारभूत प्रा.वि | आहालडाँडा | सामुदायिक | आधारभूत तह | छ |
| २४ | ८ | श्री पिपल प्रा.वि | पौवा भुल्मु | सामुदायिक | आधारभूत तह | छ |
| २५ | ८ | श्री प्रकाश मा.वि | भुल्मुटार काभ्रे | सामुदायिक | प्राविधिक एस.एल.सी. (Overseer) | छ |
| २६ | ८ | श्री दुललेश्वोर मा.वि | दोलालघाट | सामुदायिक | प्राविधिक एस.एल.सी. (Overseer) | छ |
| २७ | ८ | श्री बिजय प्राथमिक विद्यालय | डुम्रेपानी काभ्रेपलान्चोक | सामुदायिक | आधारभूत तह | छ |
| २८ | ८ | श्री सिंह देवी प्रा.वि | बन्देउ भुल्मु | सामुदायिक | आधारभूत तह | छ |
| २९ | ९ | श्री जनजागरण प्राथमिक विद्यालय | ज्याम्दी भुल्मु | सामुदायिक | आधारभूत तह | छ |
| ३० | ९ | श्री बाल चेतना प्रा.वि | ज्याम्दी काभ्रे | सामुदायिक | आधारभूत तह | छ |
| ३१ | ९ | श्री चामुण्ड देवी प्राथमिक विद्यालय | ज्याम्दी भन्ज्याङ | सामुदायिक | आधारभूत तह | छ |
| ३२ | १० | श्री सरस्वती प्रथामिक विधालय | दोलालघाट | सामुदायिक | बाल विकास कक्षा | छ |
| ३३ | १० | श्री सौवर्ण आधारभूत विद्यालय | खुमबारी मानेडाँडा | सामुदायिक | आधारभूत तह | छ |

त्यस्तै खानेपानीको सुविधा नभएका बिद्यालयहरु तलको तालिकामा दिईएको छ।

तालिकाः९ खानेपानीको सुविधा नभएका बिद्यालयहरु (अनुसूची-७)

| **क्र.सं.** | **वडा नं** | **बिद्यालयको नाम** | **ठेगाना** | **बिद्यालयको प्रकार** | **पढाई हुने तह** | **शुद्ध खानेपानीको अवस्था** |
|---|---|---|---|---|---|---|
| १ | १ | श्री गोल्मादेवी प्रा.वि | भारती गाउँ | सामुदायिक | आधारभूत तह | छैन |
| २ | १ | श्री सेती देवी प्रा.वि | ओखेली | सामुदायिक | बाल विकास कक्षा | छैन |
| ३ | २ | श्री अरुणोदय माध्यमिक विद्यालय | सिम्थली भूमेस्थान | सामुदायिक | माध्यमिक तह | छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ३ | श्री हिले देवीस्थान प्रा.वि | बेखसिम्ले -३ हिले | सामुदायिक | बाल विकास कक्षा | छैन |
| ५ | ३ | श्री बनदेवी माध्यमिक बिद्यालय | भुल्मु बेखसिम्ले | सामुदायिक | माध्यमिक तह | छैन |
| ६ | ३ | श्री आरुबोट प्राथमिक बिद्यालय | आरुबोट | सामुदायिक | आधारभूत तह | छैन |
| ७ | ४ | श्री सेतीदेवी माध्यमिक बिद्यालय | भुम्लु ४ चौबास | सामुदायिक | माध्यमिक तह | छैन |
| ८ | ४ | दुदु गाउँ प्राथमिक बिधालय | दुदु गाउँ वडा ४ | सामुदायिक | आधारभूत तह | छैन |
| ९ | ५ | श्री सार्बजनिक आधारभूत बिद्यालय मानेडाँडा | मानेडाँडा | सामुदायिक | आधारभूत तह | छैन |
| १० | ५ | श्री बग्देबी मा.वि | सल्ले मुलाबारी | सामुदायिक | आधारभूत तह | छैन |
| १० | ६ | श्री जनता माध्यमिक बिद्यालय | कोलाती काभ्रे | सामुदायिक | बाल विकास कक्षा | छैन |
| १२ | ९ | श्री गणेश प्रा.वि | धैरेनी | सामुदायिक | आधारभूत तह | छैन |
| १३ | १० | बालज्योति इंगलिस स्कुल | चौखला दोलालघाट | निजी | आधारभूत तह | छैन |

त्यस्तै, यस गाउँपालिकाको सबै १० वटा वडामा एक एक वटा स्वास्थ्य संस्था रहेका छन् र ती स्वास्थ्य संस्थाहरुमा खानेपानीको भएको सुबिधा छ।स्वास्थ्य संस्थाको वडागत बिवरण तलको तालिकामा देखाइएको छ।

तालिका:१० वडागत स्वास्थ्य संस्था

| वडा नम्बर | स्वास्थ्य संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सापिङ्ग स्वास्थ्य चौकी | सापिङ्ग |
| २ | सिम्थली स्वास्थ्य चौकी | भुम्लु-२ |
| ३ | बेखसिम्ले स्वास्थ्य चौकी | सरकारी |
| ४ | चौवास स्वास्थ्य चौकी | चौवास |
| ५ | सल्ले स्वास्थ्य चौकी | भुम्लु-५ |
| ६ | कोलाती स्वास्थ्य चौकी | भुम्लु |

| | | |
|---|---|---|
| ७ | फुलाते स्वास्थ्य चौकी | भुल्मु |
| ८ | भुम्लुटार स्वास्थ्य चौकी | भुल्मु ८ |
| ९ | ज्याम्दी स्वास्थ्य चौकी | भुल्मु-९ |
| १० | दोलालघाट स्वास्थ्य चौकी | दोलालघाट -१० भुम्लु |

## ४.३. सरसफाइ तथा स्वच्छता

### ४.३.१. घरायसी सरसफाइ

स्थानीय तहको पूनर्संरचना भई सकेपछि यस गाउँपालिकामा नै खुला दिसामुक्त भई सकेको छ । हालसम्म सम्पूर्ण घरहरुमा आफूले आर्थिक अवस्थाले सक्ने किसिमले चर्पी निर्माण गरेर प्रयोगमा ल्याई राखेको अवस्था छ । यहाँका अधिकांश जनताहरुमा चर्पी प्रयोग गरि सकेपछि लगायत अत्यावश्यक ६ अवस्थामा साबुन पानीले हात धुने बानी भएको देखिन्छ ।यस गाउँपालिकमा ९५.७५ प्रतिसत घरधुरीमा चर्पी छ भने ४.१० प्रतिसत घरमा चर्पी नभएको अवस्था छ भने ०.१५ घरधुरीले चर्पी भएर पनि प्रयोग नगरेको पाइएको छ। तलको तालिकामा घरायसी चर्पी निर्माण भएको बिबरण दिईएको छ ।

तालिकाः ११ गाउँपालिकामा चर्पीको अवस्था

| क्र.सं. | बिवरण | घरधुरी | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | चर्पी भएको | ५२५८ | ९५.७५ | |
| २ | चर्पी नभएको | २२५ | ४.१० | |
| ३ | चर्पी भएको तर प्रयोग नगरेको | ८ | ०.१५ | |
| | जम्मा | ५४९१ | १०० | |

त्यस्तै ९९.१८ प्रतिसत घरधुरीले प्यान भएको चर्पी प्रयोग गरेका छन् तथा ०.५९ प्रतिसत घरधुरीले कमोट भएको चर्पी प्रयोग गरेका छन् भने ०.२३ प्रतिसत घरधुरीले खाल्डे चर्पीको प्रयोग गरेका छन्। तलको तालिकामा घरायसी चर्पीको प्रकार बिबरण दिईएको छ ।

तालिकाः १२ गाउँपालिकामा चर्पीको प्रकार

| क्र.सं. | चर्पीको प्रकार | घरधुरी | प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | प्यान | ५२१५ | ९९.१८ | |
| २ | कमोट | ३१ | ०.५९ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | खाल्डे | १२ | ०.२३ | |
| | जम्मा | ५२५८ | १०० | |

### ४.३.२. बिद्यालय सरसफाइ

यस गाउँपालिकामा रहेका जम्मा ४६ वटा बिद्यालय मध्ये ४२ वटा बिद्यालयमा शौचालयको सुबिधा उपलब्ध छ भने ४ वटा बिद्यालयमा शौचालयको सुबिधा उपलब्ध छैन। यिनीहरु मध्ये जम्मा १६ बिध्यालयहरुमा मात्र अपाङ्ग मैत्री शौचालयको व्यबस्था छ भने ३२ वटा बिद्यालयमा छुट्टै हात धुने स्थानको व्यबस्था छ साथै ३६ वटा बिद्यालयमा डस्ट बिनको व्यवस्था छ। शौचालयको सुविधा नभएका बिद्यालयहरु तलको तालिकामा दिईएको छ।

तालिकाः १३ शौचालयको सुविधा नभएका बिद्यालयहरु (अनुसूची-८)

| क्र.सं. | वडा नं | बिद्यालयको नाम | ठेगाना | बिद्यालयको प्रकार | पढाई हुने तह | शौचालयको सुविधा |
|---|---|---|---|---|---|---|
| १ | १ | श्री देवी प्रा.वि | कतिके | सामुदायिक | आधारभूत तह | छैन |
| २ | १ | श्री गोल्मादेवी प्रा.वि | भारती गाउँ | सामुदायिक | आधारभूत तह | छैन |
| ३ | ४ | श्री सेतीदेवी माध्यमिक बिद्यालय | भुम्लु ४ चौबास | सामुदायिक | माध्यमिक तह | छैन |
| ४ | ९ | श्री गणेश प्रा.वि | धैरेनी | सामुदायिक | आधारभूत तह | छैन |

### ४.३.२ स्वच्छता सम्बन्धी बिद्यमान अवस्था (FGD) को सारांश

तालिका १४: स्वच्छता सम्बन्धी बिद्यमान अवस्था (FGD) को सारांश

| वडा | चर्पीको समुचित प्रयोगको अवस्था | साबुन पानीले हात धुने बानीको अवस्था | घरायसी तहको पानी शुद्धीकरणको अवस्था | स्वच्छ र सुरक्षित खानाको प्रयोगको अवस्था | फोहरमैला बिसर्जन र व्यबस्थापनको अवस्था | महिनावारी स्वच्छता व्यबस्थापनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ७५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | करिब ३०% जनताहरु फिल्टरको प्रयोग गर्छन्न बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ। दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ। | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ। गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ। | करिब ३५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ६५% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ। | |
| २ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ७५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | करिब १८% जनताहरु फिल्टरको प्रयोग गर्छन्न बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ। दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ। | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ। गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ। | करिब ४०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ६०% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ। | |
| ३ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग | करिब ७५% जनताहरु चर्पीको प्रयोग र खेतीको | करिब ३२% जनताहरु फिल्टरको प्रयोग गर्छन्न बाँकिले पानी | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ। गाउँघरतिर | करिब २८% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ७२% | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन्। | गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ४ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ७५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | करिब १७% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब ३५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ६५% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ५ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ७०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | करिब १८% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब २५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ७५% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ६ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा | करिब ८०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात | करिब २२% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य | करिब ३५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ६५% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पिसाब गर्दैनन्। | धुने गर्छन्। | शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन्। | भाँडाकुँडाहरु धुने गरिन्छ । | फोहर खोलानालामा फाल्ने गरिन्छ । | अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ७ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ७५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | करिब ३०% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब २५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ७५% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ८ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ८५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। कहिलेकाँही खरानीले पनि हात धुने गर्छन्। | करिब २५% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब ४०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ६०% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ९ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ६५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। | करिब २७% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा | करिब ३५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ६५% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कहिलेकाँही खरानीले पनि हात धुने गर्छन्। | खासै प्रयोग गर्दैनन्। | गरिन्छ । | फाल्ने गरिन्छ । | अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| १० | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन्। खुला स्थानमा दिसा पिसाब गर्दैनन्। | करिब ९०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन्। कहिलेकाँही खरानीले पनि हात धुने गर्छन्। | करिब ७०% जनताहरु फिल्टरको प्रयोग गर्छन्र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन्। | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब ७०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन्भने बाँकि ३०% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन्। प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |

## ४.४ खुला दिसामुक्त क्षेत्रको अवस्था

२०७२ सालको महाभूकम्पले बढी क्षतिग्रस्त भएको गाउँपालिकाहरुमध्ये भुम्लु पनि एक हो । भूकम्पबाट अन्य भौतिक संरचनाहरुको साथै चर्पीहरुमा पनि निकै क्षति पुगेको थियो । भूकम्पबाट क्षति भएका घरहरु लगायत अन्य संरचनाहरुको पूनर्निर्माणमा जस्तै चर्पी निर्माणको गतिमा तुलनात्मक रुपमा तिब्र नभए तापनि गाउँपालिकाका जुझारु जनप्रतिनिधिहरु र स्थानीयवासीहरुको पहलकदमीमा शतप्रतिशत घरहरुमा चर्पी निर्माण पश्चात यस गाउँपालिकालाई पुनः खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ । यस गाउँपालिकामा निर्मित केही अस्थायी खाले घरायसी चर्पीहरुलाई आवश्यकता अनुसार घरधनीको आर्थिक अवस्था हेरिकन स्थायी चर्पी निर्माण गर्न उत्प्रेरणा र सहयोग जरुरत छ । यस गाउँपालिकामा सरसफाइ तथा स्वच्छता सम्बन्धी सचेतनामा वृद्धि र आनीबानीमा सकारात्मक परिवर्तन हुँदै गएको छ । अर्को सकारात्मक कुराको रुपमा यस गाउँपालिकामा गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति पूनर्गठन गरिनुका साथै १० वटै वडाहरुमा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिएका छन्र पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत सरसफाइ र स्वच्छता सम्बन्धी बिभिन्न क्रियाकलापहरुमा सक्रिय सहभागिता रहेको अवस्था छ । यसर्थ, यस गाउँपालिकामा पनि खुला दिसामुक्तको दीगोपनाको लागि निश्चित योजनाको तर्जुमा गरि नेपाल सरकारले निर्दिष्ट गरेको क्षेत्रगत बिकास लक्ष्य र संयुक्त राष्ट्र संघीय दीगो बिकास लक्ष्य पूरा गर्न र निर्धारित समयममा नै पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाको लागि पहल गर्न आवश्यक देखिन्छ । यसको लागि निम्न क्रियाकलापहरु गर्न सकिन्छः

- स्थानीय तहमा दक्ष जनशक्तिको उत्पादन (म्यासन तथा अन्य दक्ष मिस्त्रीको तालिम)
- सामाजिक परिचालकहरु र ट्रिगररहरुको प्रभावकारी परिचालन
- सूचना, शिक्षा र सञ्चार  सामग्रीहरुको विकास र वितरण
- क्षमता अभिबृद्धि तथा सरोकारवालाको अभिमुखीकरण/कार्यशाला गोष्ठी
- अनुगमन टोली गठन र प्रभावकारी परिचालन
- सरोकारवालाहरुसंग प्रभावकारी समन्वय
- अवलोकन भ्रमण
- सम्मान र पुरस्कार

## ५. खानेपानी तथा सरसफाइ आयोजनाहरुको प्राथमिकीकरण

भुम्लु गाउँपालिकाको सन्दर्भमा खानेपानी तथा सरसफाइ आयोजनाहरुको बिश्लेषण गर्दा दुई किसिमका आयोजनाहरु -बिद्यमान आयोजना र सुधारिएको खानेपानीबाट बञ्चित समुदायका लागि निर्माण गर्नु पर्ने नयाँ आयोजनाहरुलाई ध्यान दिनु पर्ने हुन्छ । त्यसमध्ये पनि आयोजनाहरु र समुदायहरुको बिद्यमान संकटासन्नतालाई आधार मानेर प्राथमिकीकरण गर्दा बाञ्छनीय नै देखिन्छ । संकटासन्नता बिश्लेषण स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्यांकहरुको आधारमा निम्न चार समूहमा बर्गीकरण गरिएको छः

१) ७५%-१००% धेरै उच्च संकटासन्नता **(A)**

२) ६५%-७५% उच्च संकटासन्नता **(B)**

३) ५५%-६५% मध्यम संकटासन्नता **(C)**

४) ०-५५% सामान्य संकटासन्नता **(E)**

संकटासन्नताको आधारमा क्रमशः पहिलो प्राथमिकता समूह -१ को धेरै उच्च, दोश्रो प्राथमिकता समूह -२ को उच्च, तेश्रो प्राथमिकता समूह -३ को मध्यम र अन्तिम प्राथमिकता समूह -४ को सामान्य संकटासन्नता भएको आयोजनाहरुलाई दिईएको छ। आंशिक सञ्चालन वा सञ्चालनमा नरहेका आयोजनाहरुको हकमा पहिलो प्राथमिकता मर्मत, दोश्रो प्राथमिकता पूनःर्निर्माणलाई दिनु मनासिव हुन्छ,यसैको आधारमा प्राथमिकीकरण गरी पञ्चबर्षीय कार्यक्रम र बजेट निर्माण गरिएको छ।

## ६. सरोकारवालाको भूमिका

### ६.१ गाँउपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC)

नेपालको संबिधान २०७२ अनुसार साबिकका गाबिसहरु समाबेश गरि स्थानीय तहहरुको पूनर्सरचनामार्फत गाउँपालिकाहरु र गाँउपालिकाहरु घोषणा गरिएका छन् । सोही अनुसार स्थानीय तहहरुको निर्वाचन सम्पन्न भई स्थानीय सरकार गठन भई संघीयता कार्यान्वयनमा आई सकेको अवस्था छ ।सरसफाइ गुरुयोजनाको अबधारणा अनुसार साबिकको गाबिस जस्तै हालको गाँउपालिका क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कुनैपनि क्रियाकलापहरु सञ्चालन गर्न सबभन्दा प्रमुख सरोकारवाला निकाय गाँउपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति हुन् ।गाँउपालिका क्षेत्रभित्र कार्यरत सबै सरोकारवाला संस्थाहरुले पनि उक्त समन्वय समिति संग नै समन्वय गरि निर्धारित कार्यहरु गर्नु पर्छ । राष्ट्रिय सरसफाइ निर्देशन समिति र राष्ट्रिय सरसफाइ समन्वय समितिले स्थानीय तहको पूनःसंरचना अनुसार गाँउपालिका स्तरीय र वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गठन, यसको संरचना र सदस्यहरु तथा भूमिकाहरुको सम्बन्धमा हालै केही निर्णयहरु गरेकोछ, जुन निम्न बमोजिम छः

#### ६.१.१ सदस्यहरु तथा भूमिकाहरु

| | |
|---|---|
| अध्यक्ष | गाँउपालिका अध्यक्ष |
| सदस्य सचिव | प्रशासकिय अधिकृत |
| सम्पर्क ब्यक्ति | निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना छनौट गर्ने । |
| सदस्यहरु | गाउँपालिका उपाध्यक्ष |
| | सवै निर्वाचित वडा अध्यक्षहरु |
| | स्वास्थ्य सुविधा प्रदायकहरु, |
| | प्रतिनिधि, गैर सरकारी वा समुदायमा आधारित संस्था |
| | प्रतिनिधि, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समिति |
| | प्रतिनिधि, वन उपभोक्ता समिति |
| | प्रतिनिधि, टोल सुधार समिति |
| | प्रतिनिधि, महिला समूह |
| | प्रतिनिधि, बाल क्लव |
| | प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका |
| | प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति |

प्रतिनिधि, कलेज व्यवस्थापन समिति
प्रतिनिधि, बैंक तथा बित्तिय संस्थाहरु
प्रतिनिधि, सुरक्षा निकाय आदि ।

भूमिका

- समग्र गाँउपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तयार पार्ने र अद्यावधिक गर्ने ।
- विद्यमान व्यवधानहरुलाई न्यूनिकरण गर्न खानेपानी तथा सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।
- सरसफाइ प्रवद्र्धन सम्बन्धी क्रियाकलापहरु तथा सोको लागि आवश्यक बजेट सहितको अल्पकालीन र दीर्घकालीन योजना बनाइ गाउँपालिकास्तरीय संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- नियमित अनुगमन गर्न अनुगमन टोली गठन गर्ने र वडा, समुदाय तथा विद्यालयहरुलाई प्राविधिक सरसल्लाह तथा सहयोग उपलब्ध गराउने ।
- निर्वाध रुपमा कार्यक्रमहरुको सहज कार्यान्वयनको निमित्त समीक्षा बैठक लगायत अनुगमन क्रियाकलापहरु संचालन र आयोजना गर्ने ।
- पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना÷कार्ययोजना तयार गर्ने तथा आवश्यक बजेटलाई नगरपरिषद्बाट पारित गर्ने ।
- आवश्यक सूचना र निर्णयको परस्पर आदान प्रदानको लागि प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (P-WASH_CC) संग समन्वय गर्ने ।
- कार्यक्रमको प्रभावकारिताको लागि स्रोत सर्भेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।
- क्षेत्रगत क्रियाकलापहरुको योजना, कार्यक्रम र कार्यसम्पादनको मूल्याङ्कन गर्नका लागि हरेक तीन महिनामा बैठक आयोजना गर्ने ।
- उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने ।

## ६.२ वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (W-WASH-CC)

### ६.२.१ सदस्यहरु तथा भूमिकाहरु

अध्यक्ष वडा अध्यक्ष
सदस्य सचिव वडा सचिव

सम्पर्क व्यक्ति निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना छनौट गर्ने ।

सदस्यहरु सबै निर्वाचित वडा सदस्यहरु,

प्रतिनिधि,स्वास्थ्य चौकी,

प्रतिनिधि, सबै वडा स्तरिय सरकारी कार्यालय

प्रतिनिधि, गैर सरकारी वा समुदायमा आधारित संस्था

प्रतिनिधि, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समिति

प्रतिनिधि, वन उपभोक्ता समिति

प्रतिनिधि, टोल सुधार समिति

प्रतिनिधि, महिला समूह

प्रतिनिधि, बाल क्लव

प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका÷कार्यकर्ता

प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति

प्रतिनिधि, कलेज व्यवस्थापन समिति

प्रतिनिधि, सहकारी संस्थाहरु

प्रतिनिधि, सुरक्षा निकाय आदि ।

**भूमिका**

- वडाको खानेपानी तथा सरसफाइको रुपरेखा तयार गरी लेखाजोखा तथा अद्यावधिक गर्ने ।
- विद्यमान व्यवधानहरुलाई न्यूनीकरण गर्न खानेपानी तथा सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।
- सरसफाइ प्रवद्र्धन गर्ने क्रियाकलापहरु सञ्चालन गर्न तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालिन तथा दीर्घकालिन योजना तयार पार्ने र कार्यान्वयन गर्ने
- नियमित अनुगमनका लागि वडास्तरीय अनुगमन टोली गठन गर्ने र समुदाय तथा विद्यालयलाई प्राविधिक सरसल्लाह र सहयोग उपलब्ध गराउने ।
- कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनका लागि नियमित रुपमा समीक्षा बैठक गर्ने ।
- वडास्तरीय पूर्ण सरसफाइ सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने ।
- उपयुक्तता तथा आवश्यकता अनुसार नौलो एवं सिर्जनशील क्रियाकलापहरु गर्ने ।

- आवश्यक जानकारी तथा अन्य क्रियाकलापको लागि गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गर्ने ।

# ७. कार्य योजना

## ७.१ नयाँ खानेपानी आयोजनाहरु (अनुसूची १)

| वडा | आयोजना संख्या | लावान्भित | | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घर | जनसंख्या | | | | | | | |
| २ | ६ | १२९ | ६८७ | ५५३५.०० | २००० | २००० | १००० | ५३५ | | |
| ३ | ३ | ८१ | ४०४ | १९५०.०० | ५०० | ७०० | ३०० | ४५० | | |
| ४ | १६ | २६५ | १२०० | ८१७५.०० | ३५०० | ३६०० | ८०० | २७५ | | |
| ५ | २ | ४३ | २१० | ९००.०० | | ५०० | ४०० | | | |
| ६ | ३ | ११३ | ५३१ | २२००.०० | ५०० | ९०० | ८०० | | | |
| ७ | ८ | १४२ | ६७८ | ४४५०.०० | ८०० | ४०० | २८०० | ४५० | | |
| ८ | ८ | ११५ | ५३५ | ३५००.०० | ८०० | १२०० | ७०० | ८०० | | |
| कूल | ४६ | ८८८ | ४२४५ | २६७१० | ८१०० | ९३०० | ६८०० | २५१० | | |

## ७.२ सामान्य मर्मत गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची २)

| वडा | आयोजना संख्या | लावान्भित | | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घर | जनसंख्या | | | | | | | |
| ३ | ३ | २५ | १०९ | ३००.०० | ३०० | | | | | |
| ५ | ५ | १०७ | ५३१ | १७२५ | ४००.०० | ४०० | ८०० | १२५ | | |
| ६ | ७ | १२७ | ५५८ | २०००.०० | ४०० | ४०० | ८०० | ४०० | | |
| कूल | १५ | २५९ | ११९८ | ४०२५ | ११०० | ८०० | १६०० | ५२५ | | |

## ७.३ ठूलो खाले मर्मत गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची ३)

| वडा | आयोजना संख्या | लावान्भित | | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घर | जनसंख्या | | | | | | | |

|  |  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १ | ३५ | १२२ | ५७५.०० | ३००.०० | २७५.०० |  |  |  |  |
| ५ | १ | २७ | १०३ | ५२५.०० |  | ५२५.०० |  |  |  |  |
| कूल | २ | ६२ | २२५ | ११००.०० | ३००.०० | ८००.०० | ०.०० | ०.०० |  |  |

## ७.४ पून:स्थापना गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची ४)

| वडा | आयोजना संख्या | लावान्भित |  | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | घर | जनसंख्या |  |  |  |  |  |  |  |
| ७ | १ | १५ | ८० | २५०.०० |  | २५०.०० |  |  |  |  |
| ८ | १ | २२ | ९७ | २५०.०० |  | २५०.०० |  |  |  |  |
| कूल | २ | ३७ | १७७ | ५००.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० |  |  |

## ७.५ पून:निर्माण गर्नुपर्ने खानेपानी आयोजनाहरु (अनुसूची ५)

| वडा | आयोजना संख्या | लावान्भित |  | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | घर | जनसंख्या |  |  |  |  |  |  |  |
| ५ | १ | ३२ | १४८ | ६५०.०० | ६५०.०० |  |  |  |  |  |
| ६ | १ | ३१ | १५४ | ६५०.०० | ६५०.०० |  |  |  |  |  |
| ७ | २ | २७ | १३९ | ५००.०० | ५००.०० |  |  |  |  |  |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कूल | ४ | ९० | ४४१ | १८००.०० | १८००.०० | ०.०० | ०.०० | ०.०० | | |

## ७.६ क्षमता अभिबृद्धि योजना

| क्र.सं. | क्रियाकलाप | आयोजना संख्या | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी उपभोक्ता समिति तालीम | ४६ | १३८०.०० | | ४००.०० | ४००.०० | ५८०.०० | | |
| २ | खानेपानी सुरक्षा योजनाको तालीम | ४६ | १३८०.०० | | ४००.०० | ४००.०० | ५८०.०० | | |
| ३ | मर्मत सम्भार कार्यकर्ताको तालीम | ४६ | ९२०.०० | | | ४००.०० | ५२०.०० | | |
| ४ | पानीको गुणस्तर जाँच | ४६ | ९२०.०० | ४००.०० | ५२०.०० | | | | |
| | कूल | | ४६००.०० | ४००.०० | १३२०.०० | १२००.०० | १६८०.०० | | |

## ८. कार्यक्रम र बजेट

| क्र.सं. | क्रियाकलाप | ईकाइ | परिमाण | अनुमानित लागत रकम (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वच्छ खानेपानीको पहुँच नभएको समुदायमा नयाँ खानेपानी आयोजनाको निर्माण | गोटा | ४६ | २६७१०.०० | अनुसूचीः१ |
| २ | खानेपानी आयोजनाहरुको सामान्य मर्मत | गोटा | १५ | ४०२५.०० | अनुसूचीः२ |
| ३ | खानेपानी योजनाहरुको ठूलो खाले मर्मत | गोटा | २ | ११००.०० | अनुसूचीः३ |
| ४ | खानेपानी आयोजनाहरुको पूनर्स्थापना | गोटा | २ | ५००.०० | अनुसूचीः४ |
| ५ | खानेपानी आयोजनाहरुको पूनर्निर्माण | गोटा | ३ | १८००.०० | अनुसूचीः५ |
| ६ | क्षमता अभिबृद्धि योजना | गोटा | ४६ | ४६००.०० | |
| ७ | विद्यालयमा खानेपानी व्यबस्था | गोटा | १३ | ३२५०.०० | अनुसूचीः६ |
| ८ | विद्यालयमा खानेपानी व्यबस्था | गोटा | ४ | ८००.०० | अनुसूचीः७ |
| कूल | | | | ४२७८५.०० | |

*Table 1*

## ९. पञ्चबर्षिय बार्षिक बजेट

| क्र.सं. | क्रियाकलाप | आयोजना संख्या | कुल लागत (हजारमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वच्छ खानेपानीको पहुँच नभएको समुदायमा नयाँ खानेपानी आयोजनाको निर्माण | ४६ | २६७१०.०० | ८१००.०० | ९३००.०० | ६८००.०० | २५१०.०० | ०.०० | |
| २ | खानेपानी आयोजनाहरुको सामान्य मर्मत | १५ | ४०२५.०० | ११००.०० | ८००.०० | १६००.०० | ५२५.०० | ०.०० | |
| ३ | खानेपानी योजनाहरुको ठूलो खाले मर्मत | २ | ११००.०० | ३००.०० | ८००.०० | ०.०० | ०.०० | ०.०० | |
| ४ | खानेपानी आयोजनाहरुको पूनर्स्थापना | २ | ५००.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० | ०.०० | |
| ५ | खानेपानी आयोजनाहरुको | ४ | १८००.०० | १८००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूनर्निर्माण | | | | | | | | |
| ६ | क्षमता अभिबृद्धि योजना | ४६ | ४६००.०० | ४००.०० | १३२०.०० | १२००.०० | १६८०.०० | ०.०० | |
| ७ | विद्यालयमा खानेपानी व्यबस्था | १३ | ३२५०.०० | १२००.०० | ८००.०० | १०००.०० | २५०.०० | ०.०० | |
| ८ | विद्यालयमा खानेपानी व्यबस्था | ४ | ८००.०० | ४००.०० | ४००.०० | ०.०० | ०.०० | ०.०० | |
| | कूल | | ४२,७८५.०० | १३,३००.०० | १३,९२०.०० | १०,६००.०० | ४,९६५.०० | - | |

# १०. गुरुयोजना अनुमोदन, कार्यान्वयन, अनुगमन र अद्यावधिक

## १०.१. गुरुयोजनाको अनुमोदन र पैरबी

अधिकारहरु अनुसार खानेपानी योजनाको तर्जुमा, कार्यान्वयन, नियमन, महसुल निर्धारण गर्ने आदि रहेका छन् । यस अनुसार स्थानीय निकायहरु खानेपानी र सरसफाइ सेवाका लागि पूर्ण रुपमा उत्तरदायी छन् । यस गुरुयोजना गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको समग्र विकासको निम्ति एक महत्वपूर्ण दस्तावेज हो । यस गुरुयोजनाको स्वामित्व, कार्यान्वयन तथाअनुगमनका लागि सम्बन्धित गाउँपालिकाको जिम्मेवारी पनि हो । यसैको आधारमा प्राथमिकताक्रम अनुसार गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिन्छ । गाउँपालिकाले कम्तिमा एक पटक बार्षिक रुपमा पनि समीक्षा गोष्ठी सञ्चालन गर्नु बाञ्छनीय देखिन्छ जसले गर्दा गुरुयोजनाको प्रचार प्रसार समेत भई यसको प्रभावकारिताको बारेमा सरोकारवालाहरुलाई जानकारी अध्यावधिक हुन जान्छ र गुरुयोजनालाई आधार मानेर सरोकारवाला संघसंस्थाहरुले वार्षिक कार्यक्रम तय गर्न सक्नेछन् । साथै, कार्यक्रम कार्यान्वयनको सिलसिलामा देखिएका कमीकमजोरीहरु सुधार गर्न अवसर समेत प्राप्त हुन्छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन क्रममा स्थानीय तहकोक्रियाकलापहरुको माध्यमबाट गरिब, सामाजिक रुपमा पिछडिएका, सीमान्तकृत समुदाय, विद्यालयहरु, समुदायमा आधारित संस्थाहरु जस्तैः बन उपभोक्ता समितिहरु, खानेपानी उपभोक्ता समितिहरु, आमा÷महिला समूहहरु, स्थानीय क्लबहरु आदिको परिचालनबाट व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्छ । समुदायस्तरमा तालिम प्राप्त अगुवाहरुले मौजुदा स्थानीय तहका क्लब र समूहलाई घरधुरी तहमा सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानमा परिचालन गर्नेछन्।

साथै, स्थानीय सामाजिक–साँस्कृतिक परिवेश, प्रविधि, कार्यक्रम पद्धति, दीगोपनाको विश्लेषण, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवद्र्धनमा महिला सहभागिता, आयआर्जनका गतिविधि, युवा र महिला सहभागिता, बाल मृत्यूदर र पानीजन्य रोगव्याधिको अवस्था, प्रकोप व्यवस्थापन, जलवायुपरिवर्तनको प्रभाव, जनसहभागिता र समावेशीकरण, संस्थागत व्यवस्था आदिको सम्बन्धमा मूल्यांकन र प्रभाव अध्ययन गरी पुरस्कार र सम्मान दिने व्यवस्था पनि गर्न सकिन्छ र आमसंचारको माध्यम र सरसफाइ सम्बन्धी उत्कृष्ट लेख÷रचनाहरु मार्फत गुरुयोजनाको बजारीकरण र पैरवी गर्न सकिन्छ ।

गुरुयोजनाको तर्जुमा पश्चात कार्यान्वयनको सिलसिलामा आवश्यकता अनुसार केन्द्र, प्रदेश र स्थानीय तहको क्षेत्रगत सरोकारवालाहरुसंग प्रभावकारी समन्वय गरेर समेत यसको ब्यापक प्रचार प्रसार, बजारीकरण र पैरवी गर्न सकिन्छ ।

## १०.२. गुरुयोजनाको कार्यान्वयन

खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनालाई कार्यान्वयन गर्ने गराउने प्रमुख जिम्मेवारी गाँउपालिका र नगरलिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC) को हुन्छ ।गाँउपालिका स्वयं र गाँउपालिकाभित्र काम गर्ने सबै संघ संस्थाहरुले यही गुरुयोजनाको प्राथमिकिकरण अनुसार कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

स्थानीय गाँउपालिका क्षेत्रभित्र भएका सम्पुर्ण श्रोत साधनहरुको पहिचान, योजना तर्जुमा एवं श्रोत साधन जुटाइ सोको कार्यान्वयन गर्ने गराउने एक आधिकारिक निकाय सम्वन्धित गाँउपालिका नै हो । यस गुरुयोजनाको आधारमा कार्यक्रम तथा क्रियाकलापहरुको प्राथमिकीकरण, आर्थिक श्रोतको व्यबस्थापन, कार्यान्वयन, अनुगमन र मूल्याँकन गर्नु समेत गाँउपालिकाको जिम्मेवारी हो । गाँउपालिका आफै समेत गुरुयोजनाको तयारीमा प्रत्यक्ष संलग्न भएको र यसको कार्यान्वयनबाट गाँउपालिका नै लाभान्वित हुने हुँदा यसको अत्यन्त महत्व छ ।

गुरुयोजनाको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले केन्द्र, प्रदेश र स्थानीय तहको सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत सम्पूर्ण सरोकारवाला निकायहरुसंग प्रभावकारी समन्वय गरी प्राथमिकिकीकरणको आधारमा तर्जुमा गरिएका आयोजनाहरुको सफल कार्यान्वयनको साथै बित्तिय श्रोत ब्यवस्थापन र परिचालन सहज बातावरण तयार गर्नु पर्दछ । गुरुयोजनाको प्रभावकारी कार्यान्वयन एवं परिचालनको लागि गाउँपालिका एवं स्थानीय राजनैतिक दलहरुको समेत सहयोगमा श्रोत साधन जुटाउनको लागि हरेक तहमा पैरवी र प्रचार प्रसार गर्नु पर्ने हुन्छ ।

## १०.३. गुरुयोजनाको अनुगमन

खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनाको तयारी पञ्चवर्षिय योजनाको रुपमा निर्माण गरी उक्त योजनाहरुलाई संकटासन्नता र कठिनताको बिश्लेषणको आधारमा प्राथमिकिकरण गरेर प्रत्येक बर्षको योजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने गरिन्छ । गाँउपालिका र खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले योजनाहरु प्राथमिकिकरण अनुसार कार्यान्वयन भए नभएको बेला बेलामा अनुगमन गर्न पर्ने हुन्छ ।यस अनुगमन प्रक्रियामा

योजनाहरुको प्राथमिकताक्रमको अनुसरण भए नभएको, खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति तथा स्थानिय राजनैतिक दलहस्को सक्रियता एबं प्रतिबद्धताको सुनिश्चिता बेला– बेलामा गरिनु पर्दछ । गुरुयोजना तयार भएपछि समय समयमा गाउँपालिका स्तरमा गुरुयोजनाको बारेमा समीक्षा गरी सो गुरुयोजनामा तर्जुमा गरिएका क्रियाकलापहरुको कार्यान्वययनको अवस्थाको अनुगमन गरी जानकारी लिने प्रणालीको विकास गर्नु पर्दछ । वर्षभरि गाँउपालिकामा गुरुयोजनाको कार्यान्वयनको सन्दर्भमा भए गरेका अनुगमनको आधारमा तयार पारिएको प्रतिवेदनलाई नगर परिषदमा समेत प्रस्तुत गरी समीक्षा गर्नु पर्दछ । यस प्रकारको अभ्यास र प्रणालीले खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको प्रभावकारी कार्यान्वयन भए नभएको सन्दर्भमा समीक्षा हुनुको साथै भावी कार्यदिशाको लागि मार्ग निर्देश गर्दछ । अनुगमन र समीक्षाबाट कार्यक्रम कार्यान्वयनको सिलसिलामा देखिएका कमी कमजोरीहरु पनि सच्याउने अवसर समेत प्राप्त हुन्छ ।

## १०.४. गुरुयोजनाको समीक्षा र अद्यावधिक

स्वच्छता गुरुयोजनामा योजनाहरुको प्राथमिकिकरण गरिन्छ। गुरुयोजनाको पहिलो वर्षमा सञ्चालन हुन सक्ने र गर्न सम्भव भएका योजनाहरुलाई सोही अनुसार कार्ययोजना बनाई र अन्य योजनाहरुलाई पञ्चवर्षिय कार्ययोजना बनाई प्राथमिकिकरण गरी गुरुयोजना तयार गरिएको हुन्छ । यसको आधारमा कार्यक्रमहरु कार्यान्वयन गर्दै जाँदा समय सापेक्ष गुरुयोजना कार्यान्वयन स्थितिको समीक्षा गरी अद्यावधिक गर्नु पर्ने जरुरी हुन्छ । यस गुरुयोजना आधारभूत तथ्याँक र एकिकृत जलश्रोत विकासको आवधिक (पञ्च बर्षिय) प्राथमिकृत योजना तर्जुमाको दस्तावेज भएको हुनाले आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ । यसको अद्यावधिकबाट गाँउपालिकालाई खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रमको लागि चाहिने बित्तिय श्रोतको अनुमान र तर्जुमा गर्न सहज हुन्छ । गाँउपालिकाले योजनाहरुको कार्यान्वयनको अवस्था समीक्षा गर्दै पाँच वर्षपछि पुनः गुरुयोजनालाई अध्यावधिक गर्नु पर्दछ । यसको लागि सरोकारवाला निकायहरुबाट पनि आवश्यक सरसल्लाह र मार्ग निर्देशन प्राप्त गर्नु बाञ्छनीय नै हुन्छ ।

## ११. चुनौती र अवसर

गाँउपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनाको तयारी र यसले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्तिका लागि आवश्यक आर्थिक तथा मानबीय श्रोतहरुको परिचालन मार्फत कार्यान्वयनको सिलसिलामा बिभिन्न खालका चुनौतीहरुको साथै अवसरहरु पनि यस गाँउपालिकामा बिद्यमान रहेका छन्। राईनाश गाँउपालिकाको सन्दर्भमा ती चुनौतीहरु र अवसरहरुलाई तपसिल बमोजिम लिपिबद्ध गर्न सकिन्छः

### ११.१ चुनौतीहरु

- अधिकांश खानेपानी उपभोक्ता समितिहरु निस्क्रिय र उदासिन हुनु, उपभोक्ता समितिहरुको संस्थागत बिकास र व्यबस्थापकीय दक्षता÷सीप बिकासको लागि क्षमता अभिबृद्धि कार्यक्रमको कमी हुनु ।
- गाउँपालिकामा बिद्यमान खानेपानी आयोजनाहरु अधिकांश मर्मत सम्भारको अभावमा सुचारु रुपमा सञ्चालन नहुनु, मर्मत संभार कोषको यथोचित ब्यवस्था नहुनु, दक्ष मर्मत सम्भार कार्यकर्ताको अभाव, पानी महशुल संकलन लगायत अन्य आर्थिक लेखापालन र व्यबस्थापनको अभाव हुनु ।
- भूकम्प तथा जलवायु परिवर्तनका कारण खानेपानी आयोजनाहरुको मूहानहरुमा पानीको मात्रामा कमी हुनु, कतिपय स्थानहरुमा खानेपानी मुलको विवाद कायम रहेको अवस्था ।
- गरिब, पिछडिएका बर्ग, संकटासन्न र जोखिमयुक्त समुदायको खानेपानी, सरसफाइ र स्वच्छताको मूल प्रवाहबाट बाहिर परेको कारण समता, स्वामित्व र सहभागितामा कठिनाई ।
- भूकम्पको कारण अधिकांश चर्पी समेत क्षति भएको, भूकम्प पछिको आवास निर्माणमा भएको ढिलाइले पक्की शौचालय निर्माणमा कम प्राथमिकता हुनु, चर्पी निर्माणमा बाह्य सहयोगको अपेक्षा, सार्वजनिक स्थलमा चर्पीको अभाव ।
- बढ्दो शहरीकरणसंगै शहर उन्मुख क्षेत्रहरुमा ठोस तथा लेदोजन्य फोहोरको संकलन र बिसर्जन लगायत फोहोर व्यवस्थापनको लागि गाँउपालिकास्तरमा उपयुक्त डम्पिङ्ग साइटको अभाव, साथै उचित ढल व्यवस्थापनको अभाब ।
- गाँउपालिकाको बिकट स्थानहरुमा जनचेतनाको अभावमा सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानीमा अझै यथोचित सुधारको कमी हुनु ।
- नेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु आवश्यक रुपमा सक्रियताको अभाव ।

- खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा लगानी र कार्यक्रम सञ्चालन पद्धतिमा सरोकारवालाहरुको बीचमा एकरुपता र समन्वयको अभाव ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको लागि यथेष्ट मात्रामा गाउँपालिकासंग बजेटको साथै दक्ष जनशक्तिहरुकोअभाव हुनु ।
- अनुगमन प्रणालीको संस्थागत संयन्त्रको अभाव ।

## ११.२ अवसरहरु

- संघीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन मार्फत जनप्रतिनिधिहरु निर्वाचित भई स्थानीय सरकारको गठन हुनु, निर्वाचित जनप्रतिनिधिहरु बिकास निर्माण तथा समुदायको दैनिक आवश्यकता लगायत खानेपानी, सरसफाइ र स्वच्छताको कार्यक्रमप्रति प्राथमिकता सहित सकारात्मक हुनु ।
- खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी गतिविधिलाई गाउ"पालिकास्तरमा प्राविधिक शाखा अन्तर्गत समायोजन गरी संस्थागत प्रणालीको ब्यवस्थापनको शुरुवात । गाउँपालिका स्तरवाट खानेपानी सुविधाको विस्तार र मर्मतकोगतिविधि क्रमशः सञ्चालनमा रहेको ।
- गाँउपालिका खुला दिसामुक्त घोषणा भई सकेको अवस्था, स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानीहरुको महत्व र आवश्यकताप्रति समुदायहरुको जनचेतनामा अभिबृद्धि हुनु र आनीबानीहरुमा सकारात्मक परिवर्तन हुनु ।
- खानेपानी आयोजनाहरुको दीगोपनामा उपभोक्ता समितिहरु तथा समुदायहरुको सचेतना अभिबृद्धि हुँदै पूनः खानेपानी आयोजनाहरुको सुचारु रुपमा सञ्चालन गर्न सक्रिय हुने अवस्था ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गाउँपालिकाको पूनःसंरचना अनुसार वडास्तरमा र गाउँपालिकास्तरमा पूनर्गठन भई सक्रिय हुनु ।
- गाँउपालिका र खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्वमा सम्पूर्ण सरोकारवालाहरु उचित संयन्त्र र समन्वयका साथ लगानी र कार्यक्रम सञ्चालनमा एकरुपता सहित सहकार्य गर्ने अवस्था ।
- निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरु लगायत सिंगो गाउँपालिका नै खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाप्रति सकारात्मक हुनु र यसको सफल कार्यान्वयन गरी निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्न प्रतिबद्ध हुनु।
- प्रदेश सरकार सहित सिंगो गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमलाई प्राथमिकताका साथ आवश्यक बजेटको व्यवस्था गर्न सकारात्मक ।

- गाँउपालिकामा स्थानीय श्रोत साधनको प्रचुरता र आम सञ्चारको माध्यमको सहज पहुँच र सक्रियता ।

## १२. निश्कर्ष र आगामी कदम

भुम्लु गाँउपालिकाको लागि तयार गरिएको यस गाँउपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना निर्दिष्ट गरिएका लक्ष्यहरु प्राप्तिका लागि एक साधन मात्रै हो । यस गुरुयोजनाले नेपाल सरकार, क्षेत्रगत विकास योजना र दिगो विकास लक्ष्यमा आधारित भई निर्धारित समय सीमाभित्र यस गाँउपालिकाको सम्पूर्ण जनताहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको पहुँच र बिस्तारमा टेवा पुग्न सहयोगी हुनेछ ।यसको लागि तपसिलमा उल्लेखित क्रियाकलापहरुमा थप ध्यान दिन आवश्यक देखिन्छः

- खानेपानी उपभोक्ता समितिको संस्थागत विकास अन्तर्गत आवश्यकता अनुसार खानेपानी उपभोक्ता समितिको पूनर्गठन, नियमानुसार दर्ता, नियमित नबिकरण, छुट्टै खाताको ब्यवस्था, हिसाव कितावको लेखा ब्यवस्थापन, नियमित लेखापरिक्षण, नियमित बैठक, कार्यालय ब्यवस्थापन आदिमा बिशेष प्राथमिकता दिईनेछ ।
- बिद्यमान खानेपानी योजनाहरुको दीगोपनाको लागि स्थानीय आवश्यकता अनुसार बिशेष ब्यवस्था गरिनेछ । पानी महशुल संकलन लगायत मर्मत सम्भार कोषको ब्यवस्थापन, मर्मत सम्भार कार्यकर्ताको नियुक्ती, तालिम र पारिश्रमिकको ब्यवस्था, मर्मत संभारको लागि यथेष्ट जगेडा औजार र फिटिङ्गसको ब्यवस्था गरिनेछ ।
- आर्थिक तथा प्रशासनिक लगायत सम्पूर्ण बिषय र निर्णय प्रक्रियाहरुमा अधिकतम पारदर्शिता र लैंगिक र समाबेशिताको आधारमा सबै सरोकारवालाहरुको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ ।
- जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न र सामान्य अवस्थामै पनि थोरै पानी भए पुग्ने खालका प्रविधिहरुको तथा स्थानीय रुपमा सुहाउँदा कम लागतका उपयुक्त प्रविधिगत विकल्पहरु अपनाउन समेत जोड दिइनेछ ।
- सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरुमा आवश्यकता र प्राथमिकता अनुसार नयाँ खानेपानी आयोजना निर्माण तथा मर्मत सम्भार तथा पूर्नस्थापना/पूनर्निर्माण मार्फत आधारभूत स्तरको स्वच्छ खानेपानीको सेवाको पहुँच सुनिश्चित गरिनेछ ।
- खानेपानी आयोजनाको दीगोपना तथा पानीको स्वच्छता र गुणस्तरको सुनिश्चितताको लागि गाँउपालिकामा निर्मित सम्पूर्ण खानेपानी आयोजनाहरुमा पानी सुरक्षा योजना वनाई क्रमशः लागू गरिनेछ ।
- सामाजिक समाबेशीकरणको सुनिश्चितताको लागि खानेपानी तथा सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा अवसरबाट बञ्चित समूह-भूमिहीन, बिपन्न, सुकुम्वासी तथा दुर्गम भौगोलिक क्षेत्रमा रहेका उपभोक्ताहरुलाई बिशेष प्राथमिकता दिईनेछ ।

- खानेपानी तथा सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशिलतालाई आत्मसाथ गरिनेछ । महिला सहभागितालाई कार्यक्रम संचालनको शुरुदेखि सम्पूर्ण चरणहरुमा सुनिश्चित गरिनेछ । खानेपानी तथा सरसफाइ सम्बन्धी सबै कार्यक्रमको लागि समितिहरुमा मुख्य पदसहित (सम्भव भएसम्म कोषाध्यक्ष) महिलाहरुको कम्तिमा ३३ प्रतिशत सहभागितालाई सुनिश्चित गरिनेछ ।
- खानेपानी तथा सरसफाइका संरचनाहरु निर्माण गर्दा बाल, लैंगिक, अपाङ्गता र वृद्ध–मैत्री संरचनाहरुको निर्माणमा बिशेष जोड दिइनेछ ।
- सबै संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा लैंगिक र अपांगमैत्री चर्पीहरुको निर्माण गरीसबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिनेछ ।
- महिलाहरुको महिनावारीलाई प्राकृतिक प्रकृयाका रुपमा लिंदै घरायसी, विद्यालय तथा संस्थागत निकायमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याड वा अन्य सामग्रीहरुको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार गरिनेछ । समुदाय, विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक चर्पीहरुमा स्यानीटरी प्याड वा अन्य सामग्रीहरुको सफाइ एवं विसर्जन गर्ने उचित व्यवस्था समेत गरिनेछ ।
- सरसफाइ तथा स्वच्छता प्रवद्र्धन सम्बन्धी बानी व्यवहारमा परिवर्तन ल्याउन विद्यालय सरसफाइ कार्यक्रम, विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम, समुदायको अगुवाइमा पूर्ण सरसफाइ, समुदायको अगुवाईमा वानी व्यहोरा परिवर्तन अभियानलाई निरन्तरता दिईनेछ ।
- घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार जस्तैः खाना राम्ररी पकाएर खाने, बासी खाना नखाने, खानुपरेमा आवश्यक तापक्रम तथा शुद्धता कायम गरी खाने, फलफूल तथा काँचै खाने खाद्यान्न राम्ररी धोएर खाने आदि स्वच्छ बानी व्यवहारको प्रबद्र्धन गरिनेछ ।
- समुदाय परिचालन, आम सञ्चार, सूचना, शिक्षा, सञ्चार सामग्रीहरु मार्फत घर, टोल र संस्थाहरुमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छता प्रवद्र्धन सम्बन्धी ज्ञान, अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्न घरायसी तथा संस्थागत तहमा पानी शुद्धीकरण बिधिहरु (फिल्टर, सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य) को प्रवद्र्धन गरिनेछ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको

उत्पादनको लागि बिबिध सीपमुलक तालीमहरु मार्फत गाउँपालिकाभित्रै ब्यवस्थापन गरिनेछ ।

- आपतकालीन खानेपानी तथा सरसफाई कार्यका लागि आपतकालीन खानेपानी, सरसफाइ तथा स्वच्छता कोषको स्थापना गरिनेछ।आपतकालीन अवस्थाका लागि कम्तिमा २५ प्रतिशत घर परिवारका लागि आवश्यक पर्ने सक्ने क्लोरिन, जीवनजल तथा झाडापखाला नियन्त्रणका लागि आवश्यक पर्ने औषधी भण्डारणको ब्यवस्था गरिनेछ । साथै प्रत्येक वडा कार्यालयमा पानी परीक्षण कीटको पनि व्यवस्था गरिनेछ ।

## १३. अनुसूची

### अनुसूची १: नयाँ निर्माण गर्नुपर्ने खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची

| S.N. | Ward No | Scheme Name | Type of Proposed Scheme | Beneficiary | | Type of Source | Vulnerability | | | | Discharge (Lit/Sec) | Tentative Cost (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | HHs | Pop | | A | B | C | D | | | |
| 1 | 2 | Chipchepe Thumki Simthali WS | Gravity | 15 | 92 | Spring | ✓ | | | | 0.232 | 1,250,000.00 | |
| 2 | 2 | Dundun Khola Simthali WS | Gravity | 12 | 95 | Spring | ✓ | | | | 0.21 | 1,250,000.00 | |
| 3 | 2 | Kodka Khola Tari Swara WS | Gravity | 30 | 158 | Spring | □ | | | ✓ | 0.24 | 1,500,000.00 | |
| 4 | 2 | Damrali Dhara Danda Kharka Water Supply | Gravity | 13 | 54 | Spring | □ | ✓ | | | 0.12 | 700,000.00 | |
| 5 | 2 | Kavre Khola Simpal WS | Gravity | 27 | 145 | Spring | ✓ | | | | 0.3 | 410,000.00 | |
| 6 | 2 | Serughari Muhan Kaledevi Pahari Basti WS | Gravity | 32 | 143 | Spring | □ | | ✓ | | 0.17 | 425,000.00 | |
| 7 | 3 | Todke Khola WS | Gravity | 45 | 234 | Spring | ✓ | | | | 0.321 | 1,000,000.00 | |
| 8 | 3 | Bhusi Khola WS | Gravity | 22 | 103 | Spring | ✓ | | | | 0.19 | 450,000.00 | |
| 9 | 3 | Lama Khola WS | Gravity | 14 | 67 | Spring | ✓ | | | | 0.2 | 500,000.00 | |
| 10 | 4 | Kavre Khola WS | Gravity | 42 | 178 | Spring | ✓ | | | | 0.323 | 750,000.00 | |
| 11 | 4 | Deukanne Khola WS | Gravity | 13 | 56 | Spring | ✓ | | | | 0.34 | 500,000.00 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 12 | 4 | Kancho Pat Bari WS | Gravity | 22 | 103 | Spring | ✓ | | | | 0.45 | 425,000.00 | |
| 13 | 4 | Chinne Khola WS | Gravity | 30 | 135 | Spring | ✓ | □ | | | 0.23 | 600,000.00 | |
| 14 | 4 | Nunthala Khola WS | Gravity | 17 | 89 | Spring | | ✓ | | | 0.21 | 700,000.00 | |
| 15 | 4 | Phagar Khola WS | Gravity | 21 | 82 | Spring | ✓ | | | | 0.233 | 1,100,000.00 | |
| 16 | 4 | Magar Khola WS | Gravity | 9 | 41 | Spring | | | | ✓ | 0.198 | 400,000.00 | |
| 17 | 4 | Tirling Dhara WS | Gravity | 12 | 55 | Spring | | ✓ | | | 0.25 | 400,000.00 | |
| 18 | 4 | Dharapani WS | Gravity | 15 | 60 | Spring | | | ✓ | | 0.43 | 600,000.00 | |
| 19 | 4 | Hele-Jugepani WS | Gravity | 8 | 34 | Spring | | ✓ | | | 0.23 | 300,000.00 | |
| 20 | 4 | Daue Khola WS | Gravity | 27 | 132 | Spring | ✓ | | | | 0.34 | 475,000.00 | |
| 21 | 4 | Urleni Khola WS | Gravity | 7 | 31 | Spring | ✓ | | | | 0.34 | 425,000.00 | |
| 22 | 4 | Besarekhola WS | Gravity | 13 | 72 | Spring | | ✓ | | | 0.45 | 250,000.00 | |
| 23 | 4 | Pokharikhola WS | Gravity | 10 | 44 | Spring | | ✓ | | | 0.53 | 500,000.00 | |
| 24 | 4 | Ghattekhola WS | Gravity | 10 | 43 | Spring | ✓ | | | | 0.26 | 400,000.00 | |
| 25 | 4 | Lapsekhola WS | Gravity | 9 | 45 | Spring | | ✓ | | | 0.12 | 350,000.00 | |
| 26 | 5 | Karkale Khola Jamune WS | Gravity | 12 | 62 | Spring | ✓ | | | | 0.12 | 250,000.00 | |
| 27 | 5 | Dovan Khola Lifting WS | Lifting | 31 | 148 | River | | ✓ | | | 2.5 | 650,000.00 | |
| 28 | 6 | Khaharekhola Kolati Lifting | Lifting | 41 | 199 | River | | ✓ | | | 3 | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | WS | | | | | | | | | | 1,000,000.00 | |
| 29 | 6 | Khadukhola Dharapani WS | Gravity | 50 | 231 | Spring | ✓ | | | | 1.2 | 950,000.00 | |
| 30 | 6 | Lama Simswara WS | Gravity | 22 | 101 | Spring | | ✓ | | | 0.23 | 250,000.00 | |
| 31 | 7 | Brihat Sunkoshi lifting water scheme | Lifting | 24 | 102 | River | ✓ | | | | 0.3 | 550,000.00 | |
| 32 | 7 | Bhumlu Beshi Water source protection | Gravity | 14 | 72 | Spring | | ✓ | | | 0.23 | 250,000.00 | |
| 33 | 7 | Bhumedanda water source protection | Gravity | 11 | 46 | Spring | | ✓ | | | 0.4 | 650,000.00 | |
| 34 | 7 | Lama ko Pandhero water source protection | Gravity | 17 | 92 | Spring | | ✓ | | | 0.24 | 650,000.00 | |
| 35 | 7 | Dhurse Ghari Water Source protection | Gravity | 19 | 98 | Spring | | ✓ | | | 0.3 | 650,000.00 | |
| 36 | 7 | Arkhyule water source protection | Gravity | 20 | 102 | Spring | | ✓ | | | 0.5 | 650,000.00 | |
| 37 | 7 | Kami Khoreya Bhirkharka Water source protection | Gravity | 25 | 107 | Spring | ✓ | | | | 0.33 | 650,000.00 | |
| 38 | 7 | Tirtere Water source protection | Gravity | 12 | 59 | Spring | ✓ | | | | 0.43 | 400,000.00 | |
| 39 | 8 | Brihat Sunkoshi lifting WS | Gravity | 14 | 71 | Spring | ✓ | | | | 0.23 | 400,000.00 | |
| 40 | 8 | Sunkoshi Water treatment Scheme | Gravity | 25 | 111 | Spring | | ✓ | | | 0.34 | 400,000.00 | |
| 41 | 8 | Sim Khet Water Source Protection | Gravity | 12 | 62 | Spring | | ✓ | | | 0.33 | 400,000.00 | |
| 42 | 8 | Johrdhara Water source Protection | Gravity | 7 | 34 | Spring | | ✓ | | | 0.45 | 400,000.00 | |
| 43 | 8 | Dumreghat Bandeu Lifting WS | Lifting | 12 | 56 | River | | ✓ | | | 0.23 | 400,000.00 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 44 | 8 | Dolalghat Majhi Ghaun Lifting WS | Lifting | 22 | 95 | River | | ✓ | | | 2.1 | 700,000.00 | |
| 45 | 8 | Tarikhet Sumantar WS | Gravity | 12 | 57 | Spring | | ✓ | | | 0.32 | 400,000.00 | |
| 46 | 8 | Dolalghat Puranobazar WS | Gravity | 11 | 49 | Spring | ✓ | | | | 0.22 | 400,000.00 | |

*Table 2*

## अनुसूची २: सामान्य मर्मत गर्नुपर्ने खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची

| S.N. | Ward No | Scheme Name | Type of Proposed Scheme | Beneficiary | | Type of Source | Vulnerability | | | | Discharge (Lit/Sec) | Tentative Cost (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | HHs | Pop | | A | B | C | D | | | |
| 1 | 3 | Chimpate WS | Gravity | 25 | 109 | Spring | | ✓ | | | 0.3 | 300,000.00 | |
| 2 | 5 | Tallo Trimurti WS | Gravity | 22 | 82 | Spring | ✓ | | | | 0.2 | 400,000.00 | |
| 3 | 5 | Simalbot Baghdevi WS | Gravity | 23 | 108 | Spring | | ✓ | | | 0.2 | 400,000.00 | |
| 4 | 5 | Mathilo Trisuli WS | Gravity | 30 | 122 | Spring | | ✓ | | | 0.34 | 400,000.00 | |
| 5 | 5 | Tallo Bosekhola WS | Gravity | 22 | 90 | Spring | | ✓ | | | 0.22 | 400,000.00 | |
| 6 | 5 | Jombusoyang Manedanda WS | Gravity | 10 | 44 | Spring | | ✓ | | | 0.12 | 125,000.00 | |
| 7 | 6 | Ambote Aapdhar WS | Gravity | 13 | 60 | Spring | ✓ | | | | 0.4 | 300,000.00 | |
| 8 | 6 | Jhaype Dharapani WS | Gravity | 14 | 64 | Spring | ✓ | | | | 0.22 | 250,000.00 | |
| 9 | 6 | Sayalpung Gaira WS | Gravity | 17 | 72 | Spring | | | ✓ | | 0.32 | 250,000.00 | |
| 10 | 6 | Ghattekhola Kotali WS | Gravity | 20 | 92 | Spring | | | ✓ | | 0.22 | 300,000.00 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | 6 | Jungepani WS | Gravity | 22 | 89 | Spring | | ✓ | | | 0.32 | 300,000.00 | |
| 12 | 6 | Thiladhara WS | Gravity | 21 | 92 | Spring | | ✓ | | | 0.23 | 300,000.00 | |
| 13 | 6 | Kherrabot WS | Gravity | 20 | 89 | Spring | | | ✓ | | 0.41 | 300,000.00 | |

अनुसूची ३: ठुलो मर्मत गर्नुपर्ने खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची

| S.N. | Ward No | Scheme Name | Type of Proposed Scheme | Beneficiary | | Type of Source | Vulnerability | | | | Discharge (Lit/Sec) | Tentative Cost (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | HHs | Pop | | A | B | C | D | | | |
| 1 | 4 | Okhre WS | Gravity | 35 | 122 | Spring | | ✓ | | | 0.34 | 575,000.00 | |
| 2 | 5 | Odhishyong WS | Gravity | 27 | 103 | Spring | ✓ | | | | 0.3 | 525,000.00 | |

अनुसूची ४: पूर्नःस्थापना गर्नुपर्ने खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची

| S.N. | Ward No | Scheme Name | Type of Proposed Scheme | Beneficiary | | Type of Source | Vulnerability | | | | Discharge (Lit/Sec) | Tentative Cost (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | HHs | Pop | | A | B | C | D | | | |
| 1 | 7 | Bhumlubeshi Pipe line Maintenance | Gravity | 15 | 80 | Spring | ✓ | | | | 0.32 | 250,000.00 | |
| 2 | 8 | Ghattekhola WS | Gravity | 22 | 97 | Spring | ✓ | | | | 0.32 | 250,000.00 | |

अनुसूची ५: पूर्न:निर्माण गर्नुपर्ने खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची

| S.N. | Ward No | Scheme Name | Type of Proposed Scheme | Beneficiary | | Type of Source | Vulnerability | | | | Discharge (Lit/Sec) | Tentative Cost (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | HHs | Pop | | A | B | C | D | | | |
| 1 | 5 | Chumber WS | Gravity | 32 | 148 | Spring | ✓ | | | | 0.32 | 650,000.00 | |
| 2 | 6 | Simdhara WS | Gravity | 31 | 154 | Spring | | ✓ | | | 0.3 | 650,000.00 | |
| 3 | 7 | Thati danda Pani Tank Construction | Gravity | 14 | 75 | Spring | | ✓ | | | 0.32 | 250,000.00 | |
| 4 | 7 | Aadhabata Intake Construction | Gravity | 13 | 64 | Spring | | ✓ | | | 0.21 | 250,000.00 | |

अनुसूची ६: सुचारु रुपमा सञ्चालित विद्यमान खानेपानी तथा सरसफाई आयोजनाहरुको सूची

| S.N. | Ward No | Name of Scheme | Scheme type | Yield (L/S) | Beneficiary | | Current Functional Status of Schemes | | | Tentative Cost | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | HHs | Pop | Fully Functional | Partial Functional | Non Functional | | |
| 1 | 3 | Chimpate WS | Gravity | 0.3 | 25 | 109 | | PF | | 300,000.00 | |
| 2 | 4 | Okhre WS | Gravity | 0.34 | 35 | 122 | | PF | | 575,000.00 | |
| 3 | 5 | Tallo Trimurti WS | Gravity | 0.2 | 22 | 82 | | PF | | 400,000.00 | |
| 4 | 5 | Simalbot Baghdevi WS | Gravity | 0.2 | 23 | 108 | | PF | | 400,000.00 | |
| 5 | 5 | Mathilo Trisuli WS | Gravity | 0.34 | 30 | 122 | | PF | | 400,000.00 | |
| 6 | 5 | Tallo Bosekhola WS | Gravity | 0.22 | 22 | 90 | | PF | | 400,000.00 | |
| 7 | 5 | Chumber WS | Gravity | 0.32 | 32 | 148 | | | NF | 650,000.00 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 8 | 5 | Odhishyong WS | Gravity | 0.3 | 27 | 103 | | PF | | 525,000.00 | |
| 9 | 5 | Jombusoyang Manedanda WS | Gravity | 0.12 | 10 | 44 | | PF | | 125,000.00 | |
| 10 | 6 | Ambote Aapdhar WS | Gravity | 0.4 | 13 | 60 | | PF | | 300,000.00 | |
| 11 | 6 | Simdhara WS | Gravity | 0.3 | 31 | 154 | | | NF | 650,000.00 | |
| 12 | 6 | Jhaype Dharapani WS | Gravity | 0.22 | 14 | 64 | | PF | | 250,000.00 | |
| 13 | 6 | Sayalpung Gaira WS | Gravity | 0.32 | 17 | 72 | | PF | | 250,000.00 | |
| 14 | 6 | Ghattekhola Kotali WS | Gravity | 0.22 | 20 | 92 | | PF | | 300,000.00 | |
| 15 | 6 | Jungepani WS | Gravity | 0.32 | 22 | 89 | | PF | | 300,000.00 | |
| 16 | 6 | Thiladhara WS | Gravity | 0.23 | 21 | 92 | | PF | | 300,000.00 | |
| 17 | 6 | Kherrabot WS | Gravity | 0.41 | 20 | 89 | | PF | | 300,000.00 | |
| 18 | 7 | Thati danda Pani Tank Construction | Gravity | 0.32 | 14 | 75 | | | NF | 250,000.00 | |
| 19 | 7 | Aadhabata Intake Construction | Gravity | 0.21 | 13 | 64 | | | NF | 250,000.00 | |
| 20 | 7 | Bhumlubeshi Pipe line Maaintenance | Gravity | 0.32 | 15 | 80 | | PF | | 250,000.00 | |
| 21 | 8 | Ghattekhola WS | Gravity | 0.32 | 22 | 97 | | | | 250,000.00 | |
| 22 | 8 | Ghampakhola WS | Gravity | 0.32 | 15 | 71 | FF | | | | |
| 23 | 9 | Dhuseni Dhairene WS | Gravity | 0.23 | 20 | 83 | FF | | | | |
| 24 | 9 | Thapatol Khapani WS | Gravity | 0.34 | 22 | 92 | FF | | | | |
| 25 | 9 | Khanalgaun Dalitbasti WS | Gravity | 0.33 | 34 | 109 | FF | | | | |
| 26 | 9 | Chulthe Danda WS | Gravity | 0.4 | 23 | 108 | FF | | | | |

अनुसूची ७: बिद्यालयमा आबश्यक पर्ने खानेपानी आयोजनाहरुको सूची

| क.सं. | वडा नं | बिद्यालयको नाम | ठेगाना | बिद्यालयको प्रकार | पढाई हुने तह | शुद्ध खानेपानीको अवस्था | अनुमानित लागत (हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १ | १ | श्री गोल्मादेवी प्रा.वि | भारती गाउँ | सामुदायिक | आधारभूत तह | छैन | २५०.०० |
| २ | १ | श्री सेती देवी प्रा.वि | ओखेली | सामुदायिक | बाल विकास कक्षा | छैन | २५०.०० |
| ३ | २ | श्री अरुणोदय माध्यमिक बिद्यालय | सिम्थली भूमेस्थान | सामुदायिक | माध्यमिक तह | छैन | २५०.०० |
| ४ | ३ | श्री हिले देवीस्थान प्रा.वि | बेखसिम्ले -३ हिले | सामुदायिक | बाल विकास कक्षा | छैन | २५०.०० |
| ५ | ३ | श्री बनदेवी माध्यमिक बिद्यालय | भुल्मु बेखसिम्ले | सामुदायिक | माध्यमिक तह | छैन | २५०.०० |
| ६ | ३ | श्री आरुबोट प्राथमिक बिद्यालय | आरुबोट | सामुदायिक | आधारभूत तह | छैन | २५०.०० |
| ७ | ४ | श्री सेतीदेवी माध्यमिक बिद्यालय | भुम्लु ४ चौबास | सामुदायिक | माध्यमिक तह | छैन | २५०.०० |
| ८ | ४ | दुदु गाउँ प्राथमिक बिधालय | दुदु गाउँ वडा ४ | सामुदायिक | आधारभूत तह | छैन | २५०.०० |
| ९ | ५ | श्री सार्बजनिक आधारभूत बिद्यालय मानेडाँडा | मानेडाँडा | सामुदायिक | आधारभूत तह | छैन | २५०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | ५ | श्री बग्देबी मा.वि | सल्ले मुलाबारी | सामुदायिक | आधारभूत तह | छैन | २५०.०० |
| १० | ६ | श्री जनता माध्यमिक बिद्यालय | कोलाती काभ्रे | सामुदायिक | बाल विकास कक्षा | छैन | २५०.०० |
| १२ | ९ | श्री गणेश प्रा.वि | धैरेनी | सामुदायिक | आधारभूत तह | छैन | २५०.०० |
| १३ | १० | बालज्योति इंगलिस स्कुल | चौखला दोलालघाट | निजी | आधारभूत तह | छैन | २५०.०० |

अनुसूची ८: बिद्यालयमा आबश्यक पर्ने शौचालय आयोजनाहरुको सूची

| **क.सं.** | **वडा नं** | **बिद्यालयको नाम** | **ठेगाना** | **बिद्यालयको प्रकार** | **पढाई हुने तह** | **शौचालयको अवस्था** | **अनुमानित लागत (हजारमा)** |
|---|---|---|---|---|---|---|---|
| १ | १ | श्री देवी प्रा.वि | कतिके | सामुदायिक | आधारभूत तह | छैन | २०० |
| २ | १ | श्री गोल्मादेवी प्रा.वि | भारती गाउँ | सामुदायिक | आधारभूत तह | छैन | २०० |
| ३ | ४ | श्री सेतीदेवी माध्यमिक बिद्यालय | भुम्लु ४ चौबास | सामुदायिक | माध्यमिक तह | छैन | २०० |
| ४ | ९ | श्री गणेश प्रा.वि | धैरेनी | सामुदायिक | आधारभूत तह | छैन | २०० |

अनुसूची ९: बिद्यालयहरुको खानेपानी तथा सरसफाईको अबस्था

| क्र. सं. | वडा नम्बर | विद्यालयको नाम | ठेगाना | बिद्यालयको प्रकार | पढाइ हुने तह | अपाङ्ग मैत्री शौचालय | शुद्ध खानेपानी | कक्षा कोठामा डस्टबिनको सुविधा | हात धुने ठाउँको व्यवस्था | शौचालय | फोहर विसर्जन गर्ने उचित ठाउँ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | सेतीदेवी आधारभूत बिद्यालय | सापिङ्ग | सामुदायिक | आधारभूत तह | छैन | छ | छैन | छ | छ | छैन |
| २ | १ | श्री कलिदेबी प्रा.वि | ठाडो कोडका | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छैन |
| ३ | १ | श्री गणेश प्रा. वि | सापिङ्ग | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छैन |
| ४ | १ | श्री देवी प्रा.वि | कतिके | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छैन | छैन |
| ५ | १ | श्री गोल्मादेवी प्रा.वि | भारती गाउँ | सामुदायिक | आधारभूत तह | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ६ | १ | श्री सेती देवी प्रा.वि | ओखेली | सामुदायिक | बाल विकास कक्षा | छैन | छैन | छ | छैन | छ | छ |
| ७ | १ | श्री सेती देवी मा.वि | रिट्टे | सामुदायिक | बाल विकास कक्षा | छ | छ | छ | छ | छ | छ |
| ८ | १ | श्री जनजागृति प्रा.वि | सापिङ्ग | सामुदायिक | आधारभूत तह | छैन | छ | छैन | छैन | छ | छैन |
| ९ | २ | श्री अरुणोदय माध्यमिक बिद्यालय | सिम्थली भूमेस्थान | सामुदायिक | माध्यमिक तह | छ | छैन | छ | छ | छ | छ |
| १० | २ | श्री सेतीदेवी आधारभूत बिद्यालय | सिम्थली | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छैन | छ | छ |
| ११ | २ | श्री बाल उन्नति आ.वि . | सिम्थली | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | २ | श्री कालीदेवी आधारभूत बिद्यालय | सिम्चाली काभ्रे | सामुदायिक | आधारभूत तह | छ | छ | छ | छ | छ | छ |
| १३ | ३ | श्री हिले देवीस्थान प्रा.वि | बेखसिम्ले -३ हिले | सामुदायिक | बाल विकास कक्षा | छैन | छैन | छ | छैन | छ | छ |
| १४ | ३ | श्री सिंह गणेश प्राथमिक बिद्यालय | बेखसिम्ले | सामुदायिक | माध्यमिक तह | छैन | छ | छ | छ | छ | छ |
| १५ | ३ | श्री बनदेवी माध्यमिक बिद्यालय | भुल्मु बेखसिम्ले | सामुदायिक | माध्यमिक तह | छैन | छैन | छ | छैन | छ | छ |
| १६ | ३ | श्री भुसीदेवीस्थान प्रा.वि | भुसी | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छैन | छ | छैन |
| १७ | ३ | श्री आरुबोट प्राथमिक बिद्यालय | आरुबोट | सामुदायिक | आधारभूत तह | छैन | छैन | छ | छ | छ | छैन |
| १८ | ४ | श्री सेंते देवी माध्यमिक विधालय | सेंते काभ्रे | सामुदायिक | माध्यमिक तह | छ | छ | छ | छ | छ | छ |
| १९ | ४ | श्री नवजागृति प्रथमिक विधालय | चौवास | सामुदायिक | बाल विकास कक्षा | छ | छ | छ | छ | छ | छैन |
| २० | ४ | श्री महादीष आधारभूत विधालय | काभ्रे | सामुदायिक | आधारभूत तह | छ | छ | छ | छैन | छ | छ |
| २१ | ४ | श्री सेतीदेवी माध्यमिक बिद्यालय | भुम्लु ४ चौबास | सामुदायिक | माध्यमिक तह | छैन | छैन | छ | छ | छैन | छ |
| २२ | ४ | दुदु गाउँ प्राथमिक बिधालय | दुदु गाउँ वडा ४ | सामुदायिक | आधारभूत तह | छैन | छैन | छैन | छ | छ | छैन |
| २३ | ५ | श्री सप्त कन्या प्रा.वि | जामुने | सामुदायिक | आधारभूत तह | छैन | छ | छैन | छैन | छ | छ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | ५ | श्री सार्बजनिक आधारभूत बिद्यालय मानेडाँडा | मानेडाँडा | सामुदायिक | आधारभूत तह | छ | छैन | छ | छ | छ | छैन |
| २५ | ५ | गणेश प्रा.वि | भुल्मु डाँडा | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छैन |
| २६ | ५ | श्री बग्देबी मा.वि | सल्ले मुलाबारी | सामुदायिक | आधारभूत तह | छ | छैन | छ | छ | छ | छैन |
| २७ | ६ | श्री जनता माध्यमिक बिद्यालय | कोलाती काभ्रे | सामुदायिक | बाल विकास कक्षा | छैन | छैन | छैन | छैन | छ | छैन |
| २८ | ६ | श्री सुनकोशी जनविकास प्रा.वि | कोलाती आँपघात | सामुदायिक | आधारभूत तह | छ | छ | छ | छ | छ | छ |
| २९ | ६ | श्री जनचेतना प्रा.वि | कोलाती खर्कपाखा | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छैन | छ | छ |
| ३० | ६ | श्री सरस्वती प्रा.वि | सिम्ले डाँडा वारी | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छ |
| ३१ | ६ | कौशिक बौदिक गुरुकुल | कोलाती | निजी | आधारभूत तह | छ | छ | छ | छ | छ | छ |
| ३२ | ७ | श्री शारदा माध्यमिक बिद्यालय | भुल्मु फलाटे | सामुदायिक | माध्यमिक तह | छ | छ | छ | छ | छ | छ |
| ३३ | ७ | श्री पातालेश्वोर माध्यमिक बिद्यालय | भुल्मु फलाटे | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छैन |
| ३४ | ७ | श्री आधारभूत प्रा.वि | आहालडाँडा | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छ |
| ३५ | ८ | श्री पिपल प्रा.वि | पौवा भुल्मु | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छैन |
| ३६ | ८ | श्री प्रकाश मा.वि | भुल्मुटार काभ्रे | सामुदायिक | प्राविधिक एस.एल.सी. (Overseer) | छ | छ | छ | छ | छ | छ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | ८ | श्री दुललेश्वोर मा.वि | दोलालघाट | सामुदायिक | प्राविधिक एस.एल.सी. (Overseer) | छ | छ | छ | छ | छ | छ |
| ३८ | ८ | श्री बिजय प्राथमिक बिद्यालय | डुम्रेपानी काभ्रेपलान्चोक | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छैन | छ | छ |
| ३९ | ८ | श्री सिंह देवी प्रा.वि | बन्देउ भुल्मु | सामुदायिक | आधारभूत तह | छैन | छ | छैन | छैन | छ | छ |
| ४० | ९ | श्री गणेश प्रा.वि | धैरेनी | सामुदायिक | आधारभूत तह | छैन | छैन | छ | छैन | छैन | छैन |
| ४१ | ९ | श्री जनजागरण प्राथमिक बिद्यालय | ज्याम्दी भुल्मु | सामुदायिक | आधारभूत तह | छैन | छ | छ | छ | छ | छ |
| ४२ | ९ | श्री बाल चेतना प्रा.वि | ज्याम्दी काभ्रे | सामुदायिक | आधारभूत तह | छ | छ | छैन | छ | छ | छैन |
| ४३ | ९ | श्री चामुण्ड देवी प्राथमिक बिद्यालय | ज्याम्दी भन्ज्याङ | सामुदायिक | आधारभूत तह | छैन | छ | छैन | छ | छ | छ |
| ४४ | १० | श्री सरस्वती प्रथामिक विधालय | दोलालघाट | सामुदायिक | बाल विकास कक्षा | छ | छ | छ | छ | छ | छैन |
| ४५ | १० | बालज्योति इंगलिस स्कुल | चौखला दोलालघाट | निजी | आधारभूत तह | छैन | छैन | छैन | छ | छ | छ |
| ४६ | १० | श्री सौवर्ण आधारभूत बिद्यालय | खुमबारी मानेडाँडा | सामुदायिक | आधारभूत तह | छ | छ | छ | छ | छ | छ |